**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**आवश्यकता**

हामी अनुभवी, ऊर्जाशील र आत्म-प्रेरित उम्मेदवारहरू खोजिरहेका छौं। तल उल्लेखित पदका लागि आवेदन खुला रहेको छ ।

| पद | सङ्ख्या | योग्यता | तलब |
|---|---|---|---|
| Marketing officer | 2 | Bachelor passed 2 year exprenced | 20,000 |

दुईपाङ्ग्रे साधन भएकालाई विशेष ग्राह्यता
इच्छुक उम्मेदवारहरूले आफ्नो अद्यावधिक C.V. र प्रमाणपत्रसहित १ हप्ताभित्र आवेदन दिन सक्नुहुनेछ ।

**SUBHARAMBHA CONSTRUCTION PVT. LTD.**
Dekocha, Bhaktapur, सम्पर्क :९७६७२३५७१७
*Email:subharambhaconstruction@gmail.com*

★ वर्ष : २८ ★ अङ्क : ७३ ★ ने. सं. ११४६ चौला गा, चतुर्थी ★ सोमबार ★ २३ चैत, २०८२ ★ April 6, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## नेमकिपा केन्द्रीय समितिको बैठक चालू
# पुँजीवादी व्यवस्थामा बरोबर आर्थिक सङ्कट हुने




भक्तपुर, २२ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा बसेको पार्टीको आठौँ महाधिवेशनपछिको पार्टी केन्द्रीय समितिको तेस्रो बैठक आइतबार पनि चालु रह्यो

बैठकमा अध्यक्ष बिजुक्छेँले नेमकिपा जनतालाई योग्य बनाउने विश्वविद्यालय र कलेजजस्तै भएको उल्लेख गर्दै कार्यकर्ताको देशप्रेमको भावना व्यवहारमा देखिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “पार्टी कार्यकर्ताहरू जनतालाई समाजसेवी र देशभक्त बनाउन लाग्नु जरूरी छ। आलोचना र आत्मालोचनामार्फत पार्टी कार्यकर्ताहरू अघि बढ्नुपर्दछ। पार्टी कार्यकर्ताले जनतालाई नागरिक भावनाबारे सचेत पार्नुपर्दछ र निर्वाचनमा व्यक्ति होइन पार्टी उठेको सम्झेर अघि बढ्नु जरूरी छ ”

शासक दलका सांसदहरूले रातो पासपोर्ट बेच्ने, बहुमत प्राप्त दलका सरकारले भ्रष्टाचार गर्ने गरेको कारण देशमा अहिलेको सङ्कटपूर्ण अवस्था आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “देश र जनताको नि:स्वार्थ सेवा नगर्ने तथा सही कुरा नबोल्नेहरू पार्टी कार्यकर्ता बन्न सक्दैनन् । पार्टी कार्यकर्ताहरूले अन्यायको विरोधमा सङ्घर्ष गर्नुपर्दछ ।”

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, “भियतनाम युद्धमा अमेरिकी सैन्य कमान्डरहरू पनि लड्न मानेनन् किनभने त्यो युद्ध भियतनामले संरा अमेरिकालाई आक्रमण गरेको कारण भएको थिएन बरू संरा अमेरिकाले भियतनाममा आक्रमण गरेको कारण भएको थियो ।”

उहाँले साम्राज्यवादीहरूले इरानमा गरेको सैन्य हमलाको कारण विश्वमा अशान्ति सिर्जना भइरहेको उल्लेख गर्दै नेमकिपाले साम्राज्यवादीहरूको हतियार र युद्ध व्यापारको विरोध गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “कार्यकर्ताहरूलाई जाँच्ने कसी देश र जनतालाई सङ्कट परेको बेला हो। शुभलाभमा लाग्नेहरू पार्टी कार्यकर्ता बन्न सक्दैनन् । राजनीतिकरूपले शिक्षित भएकाहरू मात्र कार्यकर्ता बन्न सक्छन् । चुनावमा विदेशी हस्तक्षेप धेरै भयो । यसकारण, पनि नेमकिपाको पक्षमा चुनाव परिणाम आएन ।”

कार्यकर्ताहरू समाजको हरेक क्षेत्रमा पुगेर पार्टी सङ्गठन गर्नु आवश्यक भएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले

***बाँकी पृष्ठ २ मा***

# सामुदायिक विद्यालयलाई नमुना विद्यालय बनाउनुपर्ने



भक्तपुर, २२ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सन्तति आधारभूत विद्यालयको ३८ औँ वार्षिकोत्सवको पानसमा दीप प्रज्ज्वलन गरी एक समारोहबिच उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयलाई शैक्षिक गुणस्तरमा समान बनाउने कोशिश गर्दै आएको र समुदायको विकासको लागि निरन्तर पहल गरिरहेको बताउनुभयो ।

उहाँले सन्तति आ.वि.को स्तरोन्नतिको पहल भइरहेको बताउँदै विद्यालयको शैक्षिक विकास सँगसँगै विद्यालयले विद्यार्थीहरूलाई नैतिक र सामाजिक भावनाको विकासका साथसाथै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तुमा जानकार बनाउनुपर्ने सुझाव दिनुभयो ।

अतिथि प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममार्फत नगरको विषयवस्तुबारे शिक्षा प्रदान गरिरहेको जानकारी दिँदै भक्तपुर नगर उदाहरणीय बनिरहेको र देशकै नमुना नगर बनाउन सबैको साथ र सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा र सरसफाइलाई प्राथमिकतामा राख्दै काम गरिरहेको बताउँदै नगरभित्रका विद्यालयमा कार्यरत शिक्षकहरूलाई समय समयमा क्षमता अभिवृद्धिका तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले विद्यालयको शैक्षिक प्रगतिको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरूको महत्त्वपूर्ण भूमिका रहने चर्चा गर्दै विद्यालयले आगामी वर्षदेखि कक्षा ८ को पढाइ सञ्चालन गर्ने तयारी रहेको जानकारी दिनुभयो । उहाँले विद्यालयमा स्थान अभावका कारण विद्यालयको पठन पाठनमा कठिनाइ भइरहेको हुँदा थप भवन निर्माणको लागि भक्तपुर नपाबाट आवश्यक पहल गर्नुपर्नेमा जोड

***बाँकी पृष्ठ ८ मा***

# मध्यपूर्वमा युद्धको दायरा थप विस्तार

पेरिस, २२ चैत (एएफपी) । मध्यपूर्वमा युद्धको तीव्रता थप बढ्दै जाँदा विभिन्न देशमा आक्रमण, प्रतिआक्रमण र कूटनीतिक टकराव एकैसाथ चर्किएका छन् । पछिल्ला घटनाक्रमहरूले क्षेत्रीय स्थिरता थप जटिल बन्दै गएको सङ्केत गरेका छन्, जहाँ सैन्य कारबाहीसँगै राजनीतिक चेतावनी र आरोप-प्रत्यारोप पनि तीव्र बनेका छन् ।

क्षेत्रीय प्रभाव विस्तार हुँदै जाँदा बहराइनमा इरानी आक्रमणपछि एक संरचनामा आगलागी भएको र नागरिक सुरक्षा टोलीले त्यसलाई नियन्त्रणमा लिएको जानकारी दिइएको छ । उक्त घटनामा मानवीय क्षतिको विवरण भने सार्वजनिक गरिएको छैन । त्यस्तै, संयुक्त अरब इमिरेट्सले आफ्नो एल्युमिनियम उद्योगलाई लक्षित गर्दै इरानले मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ, जसको प्रतिकारस्वरूप हवाई सुरक्षा प्रणाली सक्रिय पारिएको छ ।



कुवेतमा पनि इरानी ड्रोन आक्रमणले ऊर्जा पूर्वाधारमा असर पारेको छ । दुई पावर र पानी प्रशोधन केन्द्रमा क्षति पुगेको र दुई विद्युत् उत्पादन एकाइ बन्द गर्नुपरेको अधिकारीहरूले जानकारी दिए । कुवेत सहरको सरकारी भवनमा पनि आक्रमण हुँदा ‘महत्त्वपूर्ण’ क्षति पुगेको जनाइएको छ तर कुनै मानवीय क्षति भने रिपोर्ट भएको छैन । कुवेती सेनाले मिसाइल र ड्रोन अवरोध गर्न निरन्तर प्रयास भइरहेको जनाएको छ ।

इजरायलतर्फ लक्षित गर्दै इरानबाट क्षेप्यास्त्र प्रहार गरिएको इजरायली सेनाले पुष्टि गरेको छ । जेरुसेलममा तीव्र विस्फोटका आवाजहरू सुनिएको र कम्तीमा छ वटा विस्फोट भएको प्रत्यक्षदर्शीहरूले बताए । अघिल्लो दिन तेलअभिव र मध्य इजरायलमा भएका आक्रमणमा पाँच जना घाइते भएको जानकारी दिइएको छ । साथै, यमनबाट इजरायलतर्फ प्रक्षेपण गरिएको क्षेप्यास्त्र पनि पत्ता लागेको र त्यसलाई रोक्न हवाई सुरक्षा प्रणाली परिचालन गरिएको छ ।

इरानको उत्तरपश्चिमी अर्दबिल प्रान्तमा अमेरिका-इजरायलद्वारा गरिएको आक्रमणमा तीन जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । त्यस्तै, अन्य आक्रमणहरूमा आणविक संयन्त्र, औद्योगिक क्षेत्र र पेट्रोकेमिकल केन्द्रहरू लक्षित भएको बताइएको छ, जसमा पाँच जनाको मृत्यु भएको दाबी गरिएको छ । बुशहर आणविक केन्द्र नजिकै भएको आक्रमणमा एक सुरक्षाकर्मीको मृत्यु भए पनि विकिरण स्तरमा वृद्धि नदेखिएको अन्तर्राष्ट्रिय निगरानी निकायले जनाएको छ । राजनीतिक मोर्चामा तनाव थप बढेको छ । इरानले ४८ घण्टाभित्र शान्ति सम्झौता नगरे कडा कारबाही गर्ने ट्रम्पको चेतावनी अस्वीकार गरेको छ । इरानी सैन्य नेतृत्वले उक्त चेतावनीलाई असन्तुलित र अविवेकी कदमको संज्ञा दिएको छ ।

यसैबिच, खाडी क्षेत्रमा रणनीतिक रूपमा महत्त्वपूर्ण स्ट्रेट अफ होर्मुजमा आंशिक प्रतिबन्ध कायम राख्दै इरानले इराकी जहाजहरूलाई भने आवतजावतको अनुमति दिएको जनाएको छ । उता, अमेरिकी प्रशासनले इरानी जनरल कासिम सुलेमानीका परिवारका दुई सदस्यलाई आवास अनुमति रद्द गरेपछि पक्राउ गरेको जानकारी दिएको छ, यद्यपि इरानी स्रोतहरूले ती व्यक्तिहरू सम्बन्धित नभएको दाबी गरेका छन् ।

लेबनानको दक्षिणी सहर टायरमा इजरायलले पुन: आक्रमण गरेको छ, जसले अस्पतालसहितका संरचनामा क्षति पुऱ्याएको जनाइएको छ । यसैबिच, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्डोगनले युद्धले भू-रणनीतिक गतिरोध निम्त्याएको उल्लेख गर्दै द्वन्द्व अन्त्यका लागि नयाँ कूटनीतिक पहल आवश्यक रहेको बताउनुभएको छ ।

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भनपा–९ मा आँखा जाँच शिविर सम्पन्न




भक्तपुर, २२ चैत। भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा ख्वप तिलगङ्गा आँखा अस्पतालको प्राविधिक सहयोगमा शनिबार दत्तात्रयमा आँखा जाँच शिविर सम्पन्न भयो।

शिविरको उद्घाटन भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले एक समारोहीबिच स्वास्थ्य परीक्षण सामग्री हस्तान्तरण गरी गर्नुभयो। उहाँले स्वस्थ नागरिकले देश र समाजको प्रगतिको लागि योगदान गर्न सक्ने चर्चा गर्दै भक्तपुरवासीलाई स्वस्थ बनाउन नगरपालिकाले प्राथमिकता साथ काम गरिरहेको बताउनुभयो।

शिविरमा २६४ जना महिला र ६७ जना पुरुष गरी जम्मा २३० जना स्थानीय वडावासीहरूको आँखा परीक्षण भएको थियो। परीक्षण गरिएकामध्ये १३ जनामा मोतिबिन्दु तथा ३ जनामा जलविन्दु भएको पत्ता लागेको ख्वप तिलगङ्गा आँखा अस्पतालका अप्थाल्मिक असिस्टेन्ट जिसम पौडेलले जानकारी दिनुभयो।

शिविरबाट मोतिबिन्दु पहिचान भएकालाई ख्वप तिलगङ्गा आँखा अस्पतालमा नि:शुल्क उपचार गर्ने र जलविन्दु पहिचान भएकाको थप उपचारको लागि आवश्यक व्यवस्था मिलाउने अस्पतालका इन्चार्ज धिरज अधिकारीले बताउनुभयो।

कार्यपालिका सदस्य छोरीमैंया सुजखुले आँखा शिविर सञ्चालनको आवश्यकताबारे चर्चा गर्नुभयो।

स्वास्थ्य स्वयम्सेविका मण्यश्वरी कोजूले घरदैलो नर्सिङ सेवाको क्रममा वडा नर्स र स्वयम्सेविकाहरूले प्रदान गरिरहेका उपचार सेवाबारे जानकारी दिनुभयो।

# आँखाको ज्योति फर्काउनको लागि एक कप चिया दान अभियान

काठमाडौँ, २२ चैत। युवा नेत्र सेवा, काठमाडौँले 'एक कप चिया दान अभियान' अन्तर्गत १६ औँ एक कप चिया दान दिवस सम्पन्न गरेको छ। कार्यक्रम टेकुस्थित भिभा बैङ्क्वेटमा आयोजना गरिएको थियो।

वरिष्ठ हास्य कलाकार मदनकृष्ण श्रेष्ठ प्रमुख अतिथि हुनुहुन्थ्यो। अभियानअन्तर्गत दैनिक एक कप चियाको बराबर रकम एक वर्षसम्म सङ्कलन गरिन्छ।

उक्त रकम आर्थिक रूपमा विपन्न तथा असहाय व्यक्तिहरूको आँखा उपचारका लागि प्रयोग गरिन्छ। संस्थाका अध्यक्ष सिद्धार्थ रञ्जितले हालसम्म २०४ जना आजीवन सदस्य रहेको जानकारी दिनुभयो। २६ जना मोतिबिन्दुका बिरामीलाई नि:शुल्क औषधि वितरण गरिएको थियो। जहरसिंपौवा, बलम्बु तथा काठमाडौँका विभिन्न स्थानका बिरामीहरूको नि:शुल्क शल्यक्रिया गरिएको थियो।

कार्यक्रममा २०८२ सालमा सदस्यता लिएका आजीवन सदस्यहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो। उत्कृष्ट कार्य गर्ने १२ जना सदस्यलाई सम्मानपत्र प्रदान गरिएको थियो। अध्यक्ष रञ्जितले सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

# मिठाइ तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम

भक्तपुर, २२ चैत। केदारनाथ बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा मिठाइ तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम सल्लाहकार एवम् अभिभावक सङ्घ नेपाल भक्तपुरका अध्यक्ष रामकृष्ण प्रजापतिको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो।

कार्यक्रममा उहाँले सहकारी आर्थिक कारोबार गर्ने संस्था मात्र होइन, यो सामाजिक तथा आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण माध्यम भएको बताउनुभयो।

उहाँले यहाँ प्रदान गरिएको सीपमूलक ज्ञानले सहभागीहरूलाई आत्मनिर्भर बन्न, साना उद्यम सञ्चालन गर्न तथा परिवारको आर्थिक अवस्था सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको बताउनुभयो।

संस्थाका अध्यक्ष राजभाइ तजलेको सभापतित्वमा सम्पन्न कार्यक्रममा ज्ञान जति बाँड्यो त्यति नै बढ्ने बताउनुभयो।

कोषाध्यक्ष साजन कसपालले सहकारीले विभिन्न तालिम दिइरहेको जानकारी दिँदै सिकेको सीप व्यवहारमा उतारे पूर्णता पाउने बताउनुभयो।

संस्थाका व्यवस्थापक दयाराम तजलेले सञ्चालन गर्नुभएको कार्यक्रममा सल्लाहकार रामकृष्ण छुस्याबागले पनि बोल्नुभएको थियो। प्रशिक्षक रूपेश महतोले प्रशिक्षण दिनुभएको थियो।

# भक्तपुर साकोसमा एकदिने दही तथा पनिर बनाउने तालिम सम्पन्न

भक्तपुर, २२ चैत। भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को कृषि उपसमितिको आयोजनामा सञ्चालित एकदिने केमिकलरहित परम्परागत तरिकाबाट उत्पादित स्वच्छ र गुणस्तरीय दही तथा पनिर बनाउने तालिम शनिबार सम्पन्न भयो।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्थाले आर्थिक कारोबार सँगसँगै सबै वर्गलाई लक्षित गरी आत्मनिर्भर भई स्वरोजगारलाई बढावा दिने उद्देश्यले विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

तालिम लिएर सिकेको सीपलाई आफ्नो घरायसी प्रयोजनको लागि मात्र नभई व्यवसायिक रूपमा उत्पादन गरी आत्मनिर्भर भई आर्थिक रूपमा सबल बन्न सकेमा तालिमको औचित्य हुने उहाँले बताउनुभयो।

कार्यक्रमका सभापति एवं कृषि उपसमितिका संयोजक रामलक्ष्मी दुवालले धार्मिक, सांस्कृतिक र परम्पराको लागि मात्र नभई स्वास्थ्यको दृष्टिकोणले पनि दहीको महत्त्वमाथि प्रकाश पार्दै जन्मदेखि मृत्युसम्मका हरेक शुभ कार्य र संस्कारहरूमा दहीको प्रयोगबिना हाम्रो धार्मिक कार्य पूर्ण नहुने भएकोले दहीलाई शुभ र पवित्र मानिने भएकोले तालिम सञ्चालन गरेको बताउनुभयो।




तालिमका प्रशिक्षक सरिता त्यातले आफूले सिकेको सीप र भक्तपुरको मौलिक उत्पादन दही बनाउने कलालाई प्रशिक्षार्थीमाझ बाँड्न पाउँदा निकै खुसी लागेको बताउनुभयो। नयाँ पुस्ता यसरी सीप सिक्न र उद्यमी बन्न उत्सुक देखिँदा स्थानीय उत्पादन अझ विस्तार हुनुका साथै परम्परागत सीपको जगेर्ना हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कृषि उपसमितिका सदस्य बालकृष्ण कुसीले सञ्चालन गरेको उक्त कार्यक्रममा प्रशिक्षार्थी सत्यनारायण प्रजापतिले तालिम अवधिको अनुभव राख्नुभएको थियो। संस्थाका अध्यक्ष प्रजापतिले तालिममा सहभागी २५ जना प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान र प्रशिक्षक सरिता त्यातलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

# खोजी अभियान : चार दिनमा दुई सय २६ जना पक्राउ

काठमाडौँ, २२ चैत। नेपाल प्रहरीले गुण्डागर्दी, बिचौलिया, अभद्र व्यवहारलगायतका गैरकानुनी कार्यविरुद्ध विभिन्न स्थानमा सञ्चालन गरेको खोजी अभियानका क्रममा चार दिनमै दुई सय २६ जना पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले यही चैत १८, १९, २० र २१ गतेको अभियानअन्तर्गत दुई सय २६ जनालाई पक्राउ गरी कानुनी कारबाही प्रक्रिया थालिएको जानकारी दिनुभयो।

प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार १८ गते काठमाडौँ उपत्यकाबाट ५१ जना, कोसी प्रदेशबाट १८ जना, १९ गते कोसीबाट एक, मधेस प्रदेशबाट सात, वाग्मतीबाट २३, गण्डकीबाट दुई र कर्णालीबाट ११ जना पक्राउ परेका थिए।

यस्तै २० गते मधेस प्रदेशबाट आठ, गण्डकीबाट १०, लुम्बिनीबाट चार र सुदूरपश्चिम प्रदेशबाट दुई तथा २१ गते काठमाडौँ उपत्यकाबाट ६२ जना पक्राउ परेका छन्। प्रहरीका अनुसार पक्राउ पर्नेमा गुण्डागर्दी, बिचौलिया, यातायात तथा मालपोत कार्यालयमा दु:ख र हैरानी दिने, सार्वजनिकस्थलमा अभद्र व्यवहार गर्नेलगायतका व्यक्तिहरू छन्। प्रवक्ता काफ्लेले अभियान जारी रहने बताउनुभएको छ। ***रासस***

# सात हजारभन्दा बढी 'अनलाइन' सट्टेबाजी 'एप' र 'वेबसाइट' बन्द

काठमाडौँ, २२ चैत। 'अनलाइन' सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी 'एप्लिकेसन (एप)' र 'वेबसाइट' ( युआरएल) बन्द भएका छन्। सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टरनेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो।

नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो।

"हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएका छन्। अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएका छन्, ती सबैलाई सम्बोधन गर्दै कारबाही अघि बढाइएको छ," उहाँले रासससँग भन्नुभयो।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ। सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन। त्यसको उल्लङ्घन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु. १० हजारसम्म जरिवाना हुनेछ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ। सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा रु. १० हजारसम्म जरिवाना हुनेछ।

सरकारले सट्टेबाजी एप तथा वेबसाइट प्रयोग तथा सञ्चालन नगर्न पुन: आग्रह गरेको छ। अनधिकृत रूपमा सञ्चालन वा प्रयोग गरेको पाइएमा कडा कारबाही हुने चेतावनी दिएको छ। साथै सरकारले शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ। ***रासस***

***पुँजीवादी....***

जनताको सेवामा लागेका कार्यकर्ताहरू बिचमै थाकेर फिर्ता हुन नहुने स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "समाजको आमूल परिवर्तन नरोकिने यथार्थबारे कार्यकर्ताहरू स्पष्ट हुनु आवश्यक छ।"

उहाँले नेमकिपाले चुनावमा जितेर संसद्मा देश र जनताको हितमा आवाज राख्ने चर्चा गर्दै शासक पार्टीहरू सबैले चुनावमा आचारसंहिता नाघेर पैसा खर्च गरेको सार्वजनिक भइरहेको उल्लेख गर्नुभयो।

"संरा अमेरिकामा ट्रम्प प्रशासनविरूद्ध करोडौं जनताको सडक प्रदर्शन भइरहेको छ। इरानले ट्रम्प प्रशासनको राजीनामा नभएसम्म वार्ता नगर्ने सर्त पनि राखेको सार्वजनिक भयो। इरानले यसअगाडि तेलको व्यापार संरा अमेरिकी डलरमा नगर्ने घोषणा गरेको थियो" अध्यक्ष बिजुक्छेँले बताउनुभयो।

उहाँले साम्राज्यवादीहरूले हेपेको देश रुस समाजवादी क्रान्तिपछि सबल नेतृत्वको कारण छिटो विकास भएको र यसमा स्तालिनको नेतृत्त्व पनि महत्त्वपूर्ण रहेको हुँदा साम्राज्यवादीहरूले स्तालिनको खेदो खनेको स्पष्ट पार्नुभयो।

पुँजीवादी व्यवस्था भएका देशमा बरोबर आर्थिक सङ्कट हुने भएकोले समाजवाद अपरिहार्य भएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले २००७ सालको राणाविरोधी आन्दोलनबारे नेपालमा भन्दा भारतमा बढी प्रचार भएको बताउनुभयो।

बैठक सोमबार अपराह्न २ बजेसम्मको लागि स्थगित गरियो।

## सङ्क्षिप्त समाचार

# सभामुखमा अर्याल निर्विरोध निर्वाचित

काठमाडौँ, २२ चैत । नेपालको दसौँ सभामुखमा प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याल निर्वाचित हुनुभएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकबाट उहाँ सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको हो ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं सांसद रवि लामिछानेले ‘प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याललाई सभामुख पदमा निर्वाचित गरियोस्’ भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावलाई सांसदहरू सोविता गौतम, स्वर्णिम वाग्ले र सुनिल लम्सालले समर्थन गर्नुभएको थियो ।

सभाको अध्यक्षता गर्नुभएका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसद अर्याललाई प्रतिनिधिसभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त भएकाले अर्याल सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

नवनिर्वाचित सभामुख अर्याल यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष हुनुहुन्थ्यो । *रासस*

# लुम्बिनी प्रदेशसभाको बैठक बस्दै

घोराही (दाङ), २२ चैत । लुम्बिनी प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत पाँचौँ बैठक आइतबार दिउँसो १:०० बजे बस्ने भएको छ । प्रदेशसभा सचिवालयद्वारा आइतबार जारी सम्भावित कार्यसूचीअनुसार बैठकमा उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले ‘लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक’ सभामा पेस गर्नुहुनेछ ।

त्यसैगरी, बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले ‘जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक’ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी प्रस्ताव पेस गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिव दुर्लभकुमार पुनमगरले जानकारी दिनुभयो ।

प्रदेशसभाको आइतबारको बैठकको प्रारम्भमा प्रदेशसभा सदस्यहरूले समसामयिक विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुहुनेछ छ । *रासस*

# आयुर्वेद चिकित्सक सङ्घका अध्यक्षमा डा. गौतम निर्वाचित

काठमाडौँ, २२ चैत । नेपाल आयुर्वेद चिकित्सक सङ्घको अध्यक्ष पदमा डा. शङ्कर गौतम निर्वाचित हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धीका रूपमा डा. सुवर्ण पौडेल हुनुहुन्थ्यो । सङ्घको यही चैत २० र २१ गते यहाँ सम्पन्न ११ औँ राष्ट्रिय सम्मेलनले डा. गौतमको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । वरिष्ठ उपाध्यक्षमा डा. रमेश पौडेल, महिला उपाध्यक्षमा डा. सिर्जना श्रेष्ठ, महासचिवमा डा. ऋषिकेशव भुसाल, सचिवमा डा. दीपककुमार मण्डल र कोषाध्यक्षमा डा. सिजन कोजु विजयी हुनुभएको सङ्घका निवर्तमान अध्यक्ष डा. श्यामबाबु यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रादेशिक उपाध्यक्षमा कोशीमा डा. विजयकुमार सिंह, मधेसमा डा. शिवनारायण गुप्ता, वाग्मतीमा डा. देवेन्द्रकुमार यादव, गण्डकी डा. नगेन्द्र लामिछाने, लुम्बिनीमा डा. कैलाश न्यौपाने, कर्णालीमा डा. सुदर्शन पोखरेल र सुदूरपश्चिममा डा. हिमाल भट्ट निर्वाचित हुनुभएको छ । *रासस*

# वीरगन्ज नाकाबाट सात महिनामा चार सय ९७ विद्युतीय गाडी भित्रियो

वीरगन्ज (पर्सा), २२ चैत । वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु. एक अर्ब ४८ करोड ६४ लाख मूल्य पर्ने चार सय ९७ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ । ती विद्युतीय सवारीसाधनको आयातबाट कार्यालयले रु. ९६ करोड ३६ लाख राजस्व सङ्कलन गरेको छ ।

जबकि गत आवको सोही अवधिमा भने रु. ४३ करोड एक लाख मूल्य पर्ने एक सय ६५ वटा विद्युतीय, जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले रु. ३५ करोड ५० लाख राजस्व सङ्कलन गरेको थियो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत आवको सात महिनाको तुलनामा विद्युतीय सवारीसाधनको आयात ह्वात्तै बढेको छ । चालु आवको सात महिनामा रु. ८० करोड ५७ लाखका मूल्यका हजार एक सय २८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने रु. ४४ करोड तीन लाख मूल्यका तीन हजार ३७४ वटा विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

चालु आवको सात महिनामा रु. एक अर्ब १६ करोड १३ लाखका छ सय नौ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले रु. दुई अर्ब ८६ करोड राजस्व सङ्कलन गरेको छ । जबकि गत आवको सात महिनामा भने रु. एक अर्ब ५० करोड मूल्यका सात सय ४८ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको थियो । सो आवमा इन्धनबाट चल्ने सवारीसाधन आयातबाट रु. तीन अर्ब ७३ करोड राजस्व सङ्कलन भएको थियो ।

कार्यालयले चालु आवको सात महिनामा रु. २३ अर्ब ५७ करोड मूल्यका सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका छन् । जबकि गत आवको सात महिनामा रु. १७ अर्ब १५ करोड मूल्यका सवारीसाधन र पार्टपुर्जा आयात हुँदा रु. १३ अर्ब २६ करोड राजस्व सङ्कलन भएको थियो । *रासस*




**जङ्गे पिल्लर**
नेपाल-भारत सीमा क्षेत्र इलामको सन्दकपुर गाउँपालिका कालपोखरीमा अवस्थित १२ नम्बरको मुख्य स्तम्भ (जङ्गे पिल्लर) । जङ्गे पिल्लरको बायाँ क्षेत्र भारत हो भने दायाँ क्षेत्र नेपाल हो । *तस्विर : रामकुमार लिम्बू/रासस*

# प्रचारप्रसार नहुँदा ओझेलमा भोजपुरको प्रसिद्ध ‘शिला सुत्केरी’

**- युवराज विष्ट**

भोजपुर, २२ चैत । जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित हतुवागढी गाउँपालिका-४ खैराङमा रहेको ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको ‘शिला सुत्केरी’ पर्याप्त प्रचारप्रसारको अभावमा ओझेल परेको छ । प्राकृतिक, सांस्कृतिक तथा धार्मिक दृष्टिले उच्च सम्भावना बोकेको उक्त स्थल स्थानीयस्तरमा सीमित रहँदा यसको वास्तविक पहिचान स्थापित हुनसकेको छैन ।

स्थानीय जनश्रुतिअनुसार परापूर्वकालमा एक महिला सुत्केरी हुने क्रममा सोही स्थानमा अलप भएपछि उक्त शिलाको उत्पत्ति भएको मानिन्छ । यही किंवदन्तीका आधारमा यस स्थानलाई ‘शिला सुत्केरी’ नाम दिइएको स्थानीय गङ्गाबहादुर खड्काले बताउनुभयो । हाल पनि उक्त ढुङ्गामा महिला सुत्केरी हुँदै गरेकोजस्तो आकृति स्पष्ट देख्न सकिने स्थानीयको दाबी छ । जसले यस स्थललाई थप रहस्यमय र आकर्षक बनाएको छ ।

स्थानीय खड्काका अनुसार ‘शिला सुत्केरी’ धार्मिक आस्था र विश्वाससँग जोडिएको एक अद्भुतस्थल हो । “यो ठाउँ साँच्चिकै आश्चर्यजनक छ । यहाँको शिलामा सुत्केरी हुँदाको आकृति स्पष्ट देख्न सकिन्छ । विवाहपछि लामो समय सन्तान नहुने दम्पतीले यहाँ पूजा तथा दर्शन गरे सन्तान प्राप्त हुने विश्वासका साथ टाढाटाढाबाट दर्शनार्थी आउने गरेका छन्,” उहाँले भन्नुभयो ।

उहाँका अनुसार केही दशकअघिसम्म यहाँ नियमित रूपमा मेला तथा धार्मिक महोत्सव लाग्ने गर्दथ्यो । विशेषगरी बालाचतुर्दशीका अवसरमा स्थानीय तथा छिमेकी जिल्लाबाट समेत भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको थियो । तर पछिल्लो समय ती गतिविधि क्रमश: घट्दै गएर अहिले लगभग बन्दजस्तै भएको छ, जसका कारण यस क्षेत्रको चहलपहल पनि घट्दै गएको छ ।

‘शिला सुत्केरी’को धार्मिक तथा सांस्कृतिक महत्त्वलाई व्यवस्थित रूपमा उजागर गर्न सके यसलाई देशकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने खड्काको भनाइ छ । यहाँको प्राकृतिक सौन्दर्य, शान्त वातावरण र ऐतिहासिक पृष्ठभूमिले धार्मिक पर्यटन प्रवर्द्धनका लागि ठूलो सम्भावना बोकेको छ ।

यस क्षेत्रको संरक्षणका लागि स्थानीय तहले केही पहल भने गरेको छ । हतुवागढी-४ का वडाध्यक्ष चन्द्रबहादुर विष्टका अनुसार वडाले सीमित स्रोतसाधनका बाबजुद घेराबारालगायत आधारभूत संरक्षणका काम सम्पन्न भएका छन् । उहाँले भन्नुभयो, “यो हाम्रो क्षेत्रको महत्त्वपूर्ण ऐतिहासिक तथा धार्मिक सम्पदा हो । वडाले सकेसम्म संरक्षणका काम अघि बढाएको छ, तर दीर्घकालीन विकासका लागि थप स्रोत, योजना र समन्वय आवश्यक छ ।”

शिला रहेको जग्गा निजी स्वामित्वमा रहेकाले यसको समग्र विकास र संरक्षणमा जटिलता देखिएको छ । जग्गा व्यवस्थापनको समस्या समाधान हुन नसक्दा ठूला योजना कार्यान्वयन हुन नसकेको स्थानीय तहको भनाइ छ ।

वडाध्यक्ष विष्टका अनुसार गत आर्थिक वर्षमा केन्द्र सरकारबाट प्राप्त करिब रु. एक करोड बजेट सोही कारण कार्यान्वयन हुन नसकी फिर्ता गएको थियो । उहाँले भन्नुभयो, “बजेट आए पनि जग्गासम्बन्धी समस्या समाधान नहुँदा काम अघि बढाउन सकिएन । यदि यो समस्या समाधान गर्न सकियो भने यहाँ पूर्वाधार विकास, मन्दिर निर्माण, पदमार्ग, विश्रामस्थललगायतका काम अघि बढाउन सकिन्छ ।”

स्थानीय सरोकार भएकाहरूका अनुसार ‘शिला सुत्केरी’ लाई संरक्षणसँगै प्रभावकारी प्रचारप्रसार गर्न सके धार्मिक पर्यटनमार्फत स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सकिनेछ । यसका लागि सरकारी निकाय, स्थानीय तह, पर्यटन व्यवसायी तथा समुदायबिच समन्वय र सहकार्य अपरिहार्य रहेको उहाँहरूको भनाइ छ ।

स्थानीय मानबहादुर राईले यस स्थलको दीर्घकालीन संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धनका लागि स्पष्ट योजना बनाएर कार्यान्वयन गर्न आवश्यक रहेको बताउनुभयो । “यसको ऐतिहासिक र धार्मिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन सकियो भने भोजपुरको पर्यटन विकासमा ठूलो योगदान पुग्नेछ,” उहाँले भन्नुभयो ।

गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले ‘शिला सुत्केरी’ हतुवागढी क्षेत्रकै महत्त्वपूर्ण धार्मिकस्थल भएको उल्लेख गर्दै यसको विकासमा गाउँपालिकाले प्राथमिकता दिएको बताउनुभयो । जग्गा निजी स्वामित्वमा रहेकाले पटक-पटक माथिल्लो निकायबाट प्राप्त भएको बजेट कार्यान्वयन गर्न नसकिएको उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष राईले भन्नुभयो, “जग्गा निजी स्वामित्वमा रहेकाले विकासमा समस्या देखिएको छ । यसलाई सरकारी स्वामित्वमा ल्याउन जग्गाधनीसँग विभिन्न माध्यमबाट पटकपटक छलफल गरिए पनि सहमति हुनसकेको छैन । सोही कारण संरक्षणका ठूला काम ठेक्कामार्फत अघि बढाउन सकिएको छैन । यो वर्ष पनि प्रदेश सरकारबाट प्राप्त करिब रु. एक करोड बजेट कार्यान्वयन हुन नसक्ने अवस्थामा पुगेको छ ।”

‘शिला सुत्केरी’जस्तो ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको स्थलको संरक्षण, व्यवस्थापन र प्रवर्द्धनमा ध्यान दिन सके यो स्थान राष्ट्रियस्तरको महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन स्थानीय जानकारहरूको भनाइ छ । *रासस*

# सूर्यविनायकमा क्यूआर कोडसहित घर नम्बर जडान अभियान सुरु

भक्तपुर, २२ चैत । सूर्यविनायक नगरपालिकाले नगर क्षेत्रका सबै घरमा डिजिटल घर नम्बर पुऱ्याउने अभियान सुरु गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्षभित्र नगर क्षेत्रका सबै घरलाई नम्बरिङ गर्ने उद्देश्यले डिजिटल घर नम्बर प्रणाली औपचारिक रूपमा सुरु गरेको हो ।

सूर्यविनायक नगरपालिका-१० चित्तपोल पारीगाउँस्थित नगरप्रमुख वासुदेव थापाको घरमा नम्बर टाँसेर सुरु भएको अभियान आधुनिक प्रविधिको प्रयोगमार्फत नगरका सबै घरमा पुऱ्याउने गरी सुरु गरिएको नगर कार्यालयले जनाएको छ ।

नगरप्रमुख थापाले नगरलाई व्यवस्थित, पारदर्शी र स्मार्ट बनाउने उद्देश्यले डिजिटल घर नम्बर प्रणाली अभियान सुरु गरेको जानकारी दिँदै यो प्रणालीले नागरिकलाई छिटो, सहज र प्रभावकारी सेवा उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

भविष्यमा स्मार्ट सिटीको रूपमा विकास गर्ने आधारसहित डिजिटल घर नम्बर प्रणाली लागू गरी घर-घरमा नम्बर टाँस्ने अभियान सुरु गरिएको उहाँले बताउनुभयो ।

यसबारे जानकारी दिँदै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यले डिजिटल म्यापिङ र घर नम्बरिङ प्रणालीले नगरको तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित बनाउने, सेवा प्रवाहलाई द्रुत बनाउने तथा आपत्कालीन सेवालाई लक्षित स्थानमा छिटो पुग्न सहयोग पुऱ्याउने बताउनुभयो ।

नगरपालिकाका प्रत्येक घरमा क्यूआर कोडसहितको डिजिटल नम्बर जडान गरी घरको विस्तृत विवरण सङ्कलन गर्ने गरिनेछ । जसमा प्रत्येक घरको ठेगाना, परिवार विवरण, नक्सा समन्वयलगायतका सूचना डिजिटल रूपमा अभिलेख राखिने छ ।

प्रणालीले कर सङ्कलन, योजना निर्माण, विपद् व्यवस्थापन तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने उहाँले जानकारी दिनुभयो । *रासस*

## । सम्पादकीय ।

# भ्रष्टाचार र अपराधले देश ढाकेसम्म सुशासन नहुने

सरकारमा जाने या विशेषत: सरकारको नेतृत्व गर्ने दलले आफ्ना पक्षका नेता, मन्त्री, सांसदहरूले जस्तो अपराध, गल्ती गरे पनि खासै कारबाहीको प्रक्रिया अघि बढाएको देखिँदैन । कहिलेकाहीं जनताको विश्वास जित्न यदाकदा फाटफुट कारबाहीको प्रक्रिया अघि बढाएर मुख्य-मुख्य दोषी, भ्रष्टाचारीलाई सरकारले बचाएकै हुन्छ; बचाउने उपाय रचेकै हुन्छ । हरेकजसो सरकारले आफ्नो पालामा आफ्ना मान्छेलाई जोगाएर अर्कोलाई कारबाही गर्ने गरेको हुन्छ । सत्तासीन दलका नेताहरूको यस्तै प्रवृत्तिले गर्दा देशमा अपराधी, भ्रष्टाचारी, कमिसनखोरहरूको सङ्ख्या बढ्दै गएको हो; अपराधीहरूको मनोबल बढ्दै गएको हो । सरकारको नेतृत्व गर्ने दलका नेताहरूले राजनीतिलाई पैसा कमाउने माध्यम बनाएको कारणले पनि यो समस्या विकरालको रूपमा देखिएको हो ।

कति राजनीतिक विश्लेषक, बुद्धिजीवी र समालोचकहरू अरूलाई कारबाही गर्नुभन्दा अघि पहिले आफ्नै दलको तर्फबाट या सरकारले सरकारको नेतृत्व गरेका दलका नेता, मन्त्री र सांसदहरूमाथि कारबाही गरेर देखाउनुपर्ने मत राख्छन् । नयाँ सरकारले पहिलेको सरकारले गरेका आपराधिक या भ्रष्टाचारजन्य कार्यको मात्र प्रक्रिया अघि बढाउने निर्णय गर्छ । रास्वपाको सरकारले पनि त्यस्तै गोटी चालेको आभास हुन थालेको छ । सरकारले हाल संसद्‌मा निर्वाचित र समानुपातिकमा परेका सांसदहरू के कस्ता चरित्रका छन्; के कस्ता काण्ड या अपराधको कारबाहीमा परेका हुन् भनी चिन्तनमनन गर को छैन । सत्य तथ्य इमानदारीपूर्वक छानबिन भए झण्डै दुई दर्जन सांसदहरू विभिन्न आपराधिक; अनियमितता र भ्रष्टाचारको काण्डमा पर्ने विश्लेषण गरि एको छ ।

गत भदौ २३ र २४ गते भएको घटना जेन-जी आन्दोलनसित सम्बन्धित छ । उक्त आन्दोलनको क्रममा भएको क्षति जसको कारण भए पनि त्यसको छानबिन गर्न अलगग जाँचबुझ या छानबिन समिति जरुरी छैन । जरुरी नै छ भने पहिले जाँचबुझ आयोग समिति गठन गर्दा नै हुनुपर्ने हो । त्यसबेलाको सरकारले स्पष्टसँग भन्नुपर्ने थियो, यो जाँचबुझ आयोग भदौ २३ गतेको घटनाको छानबिन गर्न हो । त्यस्तो कहीं देखिएको छैन । सबैले सोचेका थिए, गठित जाँचबुझ आयोग भदौ २३ र २४ गतेको घटनाको हो । तर, प्रतिवेदन भदौ २३ मा मात्र केन्द्रित भयो । भदौ २४ गतेको लागि अर्को विशेष छानबिन समिति गर्ने नयाँ सरकारले निर्णय गर्‍यो । यसले थाहा हुन्छ, सरकार सत्तारुढ दलका कुनै आपराधिक नेता, कार्यकर्ता, सांसदहरूलाई जोगाउने प्रयासमा लागेको छ ।

यो दल र त्यो दल नभनी सत्तामा रहे पनि नरहे पनि अपराधमा मुछेका दोषीलाई कारबाही गर्न सरकार जहिल्यै तत्पर हुनुपर्छ । सरकारको नेतृत्व गरेका दलहरू आ-आफ्नो पालामा अपराध गर्ने गरेको कारण, त्यो अपराध छोप्न शासकहरू एक आपसमा मिल्छन्; भागबन्डा गर्छन् । अरु विषयमा विभाजित देखिए पनि उनीहरू आपराधिक क्रियाकलापमा मिल्छन् । आपराधिक क्रियाकलाप रोक्न सरकार अघि बढ्नुपर्छ; सरकार दोषीमाथि कारबाही गर्न पछि हट्नु हुँदैन । बालमन्दिर जग्गा प्रकरणमा अनियमितता भएको खबर सार्वजनिक भयो । त्यस जग्गामा विशाल ग्रुपले विद्यालय, महलजस्ता संरचना बनाएर करोडौंको व्यवसाय सञ्चालन गर्दै करोडौं आय आर्जन गरिरहेको कुरा पनि सार्वजनिक भयो । चैत २२ गतेको नेपाल समाचार पत्रमा लेखियो, 'बाल मन्दिर जग्गा अनियमितता काण्ड : विशाल ग्रुपको लुटमा कहिले लाग्ला रोक ?' सोही दिनको कान्तिपुर पत्रिकामा लेखियो, 'विवादास्पद भट्टको शरण पर्दा ९१ वर्ष पुरानो शङ्कर ग्रुप सङ्कटमा ।' समाचारमा लेखियो, बाल मन्दिर प्रकरण कुनै सामान्य विवाद होइन । यो राज्यकै संरक्षणमा भएको सङ्गठित लुट, सार्वजनिक सम्पत्तिमाथिको कब्जा र असहाय बालबालिकामाथिको निर्मम अन्यायको जिउँदो प्रमाण हो । वर्षौंदेखि सत्ता, पहुँच र पैसाको आडमा अनुसन्धान दबाइयो; प्रतिवेदन लुकाइयो; पक्राउ पुर्जी निष्क्रिय बनाइयो ।

हाल सार्वजनिक भइसकेका आपराधिक प्रकरणका मुद्दाहरू विभिन्न सरकारको पालामा भएका हुन् । यी सबै फाइदाहरूको अध्ययन गरेर दोषीमाथि कारबाही गर्न सरकार अघि बढ्छ भने त्यसमा कसैको दुईमत हुँदैन । तर, विपक्षमा रहेका दलका नेताहरूको मुद्दा अघि बढाएर आफ्नो दलका नेता, मन्त्री र सांसदहरूको कारबाही प्रक्रिया अघि बढाइँदैन भने त्यो पूर्वाग्रही नै हुन्छ । भदौ २४ गतेको घटनाको छानबिन रास्वपा सरकार गठन भएपछि मात्रै गर्ने निर्णय त्यसको दृष्टान्त हो । अपराधीहरू सबै कारबाहीमा पर्नुपर्छ । अरुलाई पेल्ने र आफूलाई जोगाउने काम कुनै पनि सरकारले गर्नु उचित होइन । तर, विडम्बना ! अहिलेसम्मका सत्तासीन दलका नेताहरूमा यस्तै हाबी दोहोरिरहेको छ । यो राम्रो सङ्केत होइन ।

सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत जलाइएकै हो । नेताहरूको घर जलाइएकै हो । अन्य सयौं सरकारी भवन खरानी बनाइएकै हो । आन्दोलनको क्रममा ७६ जनाको ज्यान गएकै हो । यी सबै घटनाका दोषी को को हुन् ? एक एकको छानबिन गर्नुपर्छ; दोषीमाथि कारबाही गर्नुपर्छ । सरकारको नेतृत्व गर्ने दलले इमानदारीपूर्वक, निष्पक्ष ढङ्गले काम नगरेसम्म साँच्चै अपराधीहरू कारबाहीमा पर्दैनन् । अपराधीहरू कारबाहीमा नपरेसम्म देशमा भ्रष्टाचार नियन्त्रण हुँदैन; अनियमितता रोकिँदैन । भ्रष्टाचार र अपराधले देश ढाकेसम्म देशमा सुशासन कायम हुने छैन । तब जसले जतिसुकै गर्जे पनि देश भ्रष्टाचार बढी हुने देशको सूचीमा पर्ने छ । यसले देशलाई भ्रष्टाचार र अनियमितताको खाडलको गहिराइ बढ्नेबाहेक घट्ने छैन । दुई चार वटा भ्रष्टाचार र अनियमितताको फाइल खोलेर, दुई चार जना कारबाहीमा परेर भ्रष्टाचार अन्त्य हुने छैन ।

# शताब्दीकै गलत आकलन: ट्रम्पको इरान दुस्साहस

✍ विजय प्रशाद

गत वर्ष जुलाई महिनामा, अमेरिका र इजरायलले बाह्र दिनसम्म इरानका आणविक ऊर्जा र आणविक अनुसन्धान केन्द्रहरूमा बमबारी गरे । केही दिनपछि, यी दुई युद्धकारी शक्तिहरू (जसले यस आक्रामक युद्धका लागि संयुक्त राष्ट्र सङ्घबाट कुनै अनुमति लिएका थिएनन् ) युद्धविरामका लागि ढोका खोले । त्यस समयमा, यो पूर्ण वार्ताको आधार हुन सक्छ भन्ने विश्वास गर्दै सर्वोच्च नेता अली हुसेनी खामेनीको नेतृत्वमा रहेको इरानी सरकारले तोकिएका सर्तहरूमा सहमति जनायो : आक्रमणको तत्काल अन्त्य र तनाव नबढाउने । मिसाइल लन्चरहरू शान्त भए, तर त्यो सम्झौता अत्यन्तै नाजुक थियो । त्यहाँ कुनै दीर्घकालीन शान्ति सम्झौता, कुनै बाध्यकारी प्रवर्तन वा अनुगमन संयन्त्र, आणविक मुद्दाहरूमा कुनै समाधान, र इरानमाथि हुने अमेरिकी र इजरायली तोडफोड र आक्रमणहरू रोक्ने कुनै सहमति थिएन । यो अमेरिका र इजरायलले इरानमाथि थोपरेको युद्धको अन्त्य थिएन, बरू एउटा लडाई रोक्ने सहमति मात्र थियो । खामेनीले अमेरिकी र इजरायली आक्रामकतालाई निरर्थक भन्दै उनीहरूले 'केही पनि हासिल नगरेको' बताए । इरानले युद्धविरामका लागि बाध्य पारेको र 'कहिल्यै आत्मसमर्पण नगर्ने' कुरामा जोड दियो ।

ओमानको इरान र अमेरिका (पृष्ठभूमिमा इजरायल रहेको) बिच एक तटस्थ मध्यस्थकर्ताको रूपमा दशकौं लामो प्रतिष्ठा छ । सन् २०१२ र २०१३ को बिचमा, ओमानले नै अमेरिका-इरान वार्ताको आयोजना गरेको थियो, जसको परिणामस्वरूप इरान र ए ५+१ (अमेरिका, बेलायत, फ्रान्स, चीन, रूस + जर्मनी) र युरोपेली सङ्घबिच सन् २०१५ को "संयुक्त बृहत् कार्ययोजना' (JCPOA) सम्भव भएको थियो । जसमा आणविक संवर्धनका केही वाचाहरूको बदलामा प्रतिबन्धहरू कम गरिएको थियो । मस्कटमार्फत तेहरान र वाशिङ्टनको लागि एक सुरक्षित र गोप्य माध्यम अस्तित्वमा थियो र यो सञ्चार माध्यम जुलाईपछि अन्तिम सीमा स्पष्ट पार्न र गलत आकलनको जोखिम कम गर्न उचित वार्ताका लागि सक्रिय भयो । वास्तवमा, कुराकानी फराकिलो भयो र इरान आफ्नो युरेनियम संवर्धनलाई सीमित गर्न, आफ्नो उच्च संवर्धित मौज्दातलाई शक्तिलाई फिक्का बनाउन र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले अनुगमन र निरीक्षणलाई पुन: विस्तार गर्न सक्ने बिन्दुमा पुग्यो ।

यो कुनै अन्तिम सम्झौता थिएन, तर यो ससर्त आणविक संयम र तनाव कम गर्ने निरन्तर अभ्याससहितको एक वार्ताको खाका थियो । सर्वोच्च नेता खामेनी र राष्ट्रपति मसुद पेजेस्कियान दुवैमा सम्झौताका लागि राजनीतिक इच्छाशक्ति थियो, जुन निकट भविष्यमै सम्भव देखिन्थ्यो । इरानका विदेशमन्त्री अब्बास अराक्चीले अमेरिकी र इजरायली आक्रमणको एक दिनभन्दा पनि कम समयअघि भनेका थिए, "कूटनीतिलाई प्राथमिकता दिइयो भने सम्झौता पहुँचभित्र छ ।"

वास्तवमा, अमेरिका र इजरायलले अर्को बाटो रोजे: संयुक्त राष्ट्र सङ्घको बडापत्र (धारा २) को उल्लङ्घन गर्ने एक आक्रामक युद्ध । फेब्रुअरी २८ को पहिलो दिनमै, अमेरिका र इजरायलले सर्वोच्च नेता खामेनीको हत्या गरे र मिनाबको शजरेह तय्येबेह प्राथमिक विद्यालयका १८० जना बालिकाहरूको ज्यान गरेको थियो) र स्कूले बालबालिका मारिए, तब जनमानसमा राष्ट्रभक्तिको लहर चल्यो । यस्तो परिस्थितिमा निर्दोष बालबालिकाविरूद्धको साम्राज्यवादी युद्धको पक्ष लिन असम्भव थियो । अमेरिकी र इजरायली आक्रमणको प्रकृति र इरानले इजरायली लक्ष्यहरूका साथै खाडी अरब राष्ट्रहरूमा रहेका अमेरिकी सैन्य अखडाहरूमा प्रहार गर्न सफल भएको तथ्यले इरानी जनतालाई आफ्नो अस्तित्व रक्षा र प्रतिरक्षा क्षमतामा केन्द्रित गरिदियो । अहिले धेरैजसो इरानीहरूको भावना यही नै छ ।




लिए । राजनीतिक नेताहरू, प्रमुख पूर्वाधार र सर्वसाधारणमाथिको यो प्रहारले तत्कालै जनविद्रोह निम्त्याउने र इस्लामिक गणतन्त्रलाई ढाल्ने विश्वास अमेरिका र इजरायलले राखेका थिए । अमेरिकी र इजरायली गुप्तचर निकायहरूले सन् २०२५ डिसेम्बरमा 'रियाल'को अवमूल्यन र बढ्दो मुद्रास्फीतिका कारण सुरू भएको विरोध प्रदर्शनलाई अतिरञ्जित रूपमा आकलन गरेका थिए । तर, आर्थिक मुद्दाहरूविरूद्धको विरोध प्रदर्शन र एउटा सिङ्गो व्यवस्थालाई नै उखेलेर फाल्ने चाहनाबिच निकै ठुलो अन्तर हुन्छ । जब क्षेप्यास्त्र प्रहारबाट सर्वोच्च नेता-जसको छवि उनका आलोचकहरूमाझ धार्मिक निष्ठावान् व्यक्तिको रूपमा थियो (सन् १९९४ मा कोमका सेमिनरी शिक्षकहरूको समाजले उनलाई 'मर्जा-ए-तकलिद' वा अनुकरणको स्रोतका रूपमा पदोन्नति

सन् २००१ को अफगानिस्तान र २००३ को इराक युद्धदेखि नै, अमेरिकी युद्ध योजनाकारहरूले 'एस्केलेसन ल्याडर' (तनाव वृद्धिको खुड्किलो) को अवधारणालाई त्यागेका छैनन् र 'रैपिड डोमिनेन्स' ( शीर्ष नेतृत्वको अन्त्य, कमाण्डको पक्षाघात र शत्रुको सेनामाथि पूर्ण प्रभुत्वमार्फत गरिने द्रुत नियन्त्रण) को अवधारणा प्रयोग गर्दै आएका छन् । यसले अफगानिस्तान र इराकमा काम गर्‍यो, जहाँ अमेरिकी हिंसाको मापनले प्रतिशोधको क्षमतालाई नै ध्वस्त पारिदिएको थियो । त्यो वास्तवमै स्तब्ध र भयभीत पार्ने रणनीति थियो । तर यस्तो सैन्य ढाँचाले इरानको हकमा काम गरेन । इरानीहरूले दशकौंदेखि अमेरिका र इजरायलको पूर्ण-स्तरको आक्रमणको तयारी गरेका थिए । उनीहरूको राजनीतिक नेतृत्वले शीर्ष नेताहरूको

बाँकी पृष्ठ ८ मा

# प्रदूषणविरुद्ध हामी कहिले जाग्ने ?



पाठक पत्र

टोकियोको सडकमा हिँड्दा मास्क लगाउनु बाध्यता होइन, रहर हो । सिङ्गापुरको खोला किनारमा बसेर मान्छे ढुक्कले कफी पिउँछन् भने कोपेनहेगनका बच्चा खुला पार्कमा दौडिन्छन्, जहाँ धुलोले खोकेको आवाज सुन्न पाइँदैन । तर, विडम्बना ! हाम्रा सहरका बिहानहरू झ्याल खोल्दा खोलाको दुर्गन्धले नाक थुन्नुपर्ने बाध्यताबाट सुरु हुन्छ । स्कूल जाँदा धुलोले नानीहरूको आँखा रातो हुन्छ भने साँझ परेपछि प्लास्टिक जलाएको विषालु धुवाँले पूरै टोल निसासिन्छ । वास्तवमा विकास भनेको ठुला घर र पिच बाटो मात्र होइन, बरु सास फेर्न लायक हावा, पिउन लायक पानी र बस्न लायक वातावरण पनि हो । खोलाबाट आउने दुर्गन्ध, सडकको धुलो र अव्यवस्थित फोहोरले हाम्रो दैनिकी मात्र होइन, हाम्रो आयुसमेत छोट्याइरहेको छ ।

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र सरसफाइमा गरेको प्रयास विश्वकै लागि अनुकरणीय छ । पुरानो सहरका गल्ली र विश्वप्रसिद्ध मन्दिर क्षेत्रहरू जुन रूपमा सफा र सुन्दर राखिएका छन्, त्यसको मुख्य जग स्थानीय नागरिकको पाखिक जनसहभागिता र नगरपालिकाको दृढ इच्छाशक्ति नै हो । समुदाय आफैं जुटेर गरिने सम्पदा र टोल सरसफाइले भक्तपुरको मौलिक पहिचानलाई विश्वमाझ चम्काएको छ । तर, यो सुन्दरता पुरानो सहरको निश्चित घेराभित्र मात्र छ । नयाँ विस्तार भएका बस्तीहरूमा पनि पूर्वाधारको व्यवस्था गर्नुपर्छ ।

मापदण्ड नपुर्‍याई बनाइएका चिम्नीहरूबाट निस्कने कालो धुवाँले भक्तपुरको आकाश सधैँ धुमिल बनाइरहेको छ । गाडी गुड्दा उड्ने धुलो र माटोका कणहरूले हाम्रा प्राचीन सम्पदाका कलाकृतिहरूलाई बिस्तारै क्षय गराइरहेका छन् । विश्व स्वास्थ्य सङ्गठन (WHO) का वातावरणीय स्वास्थ्य निर्देशक डा. मारिया नेइराका अनुसार प्रदूषित हावामा सास फेर्नु भनेको हरेक दिन थोरै-थोरै विष पिउनुजस्तै हो, जसको मूल्य हाम्रो फोक्सो र मुटुले वर्षौंपछि चुकाउनुपर्ने हुन्छ । क्यालिफोर्निया विश्वविद्यालयका वैज्ञानिक प्रो. माइकल ब्राउनले प्लास्टिक र भट्टाको धुवाँले क्यान्सरको जोखिम ३० प्रतिशतसम्म बढाउने चेतावनी दिइसकेका छन् ।

जापानले सन् १९७० को दशकमा उद्योगमा फिल्टर अनिवार्य गरेर टोकियोलाई सफा बनायो । रुवान्डाले प्लास्टिक झोला पूर्ण प्रतिबन्ध लगाउँदै 'उमुगान्डा' नामको मासिक सरसफाइ अभियानलाई संस्कृति नै बनायो । दक्षिण कोरियाले त ढल बनिसकेको चेओङग्येचेओन खोलालाई पुनर्जीवित गरेर सहरको बिचमा पार्क खडा गरिदियो । भक्तपुरले पनि पुरानो सहरमा देखाएको त्यो सरसफाइको जाँगर र जनसहभागितालाई अब नयाँ बस्ती र खोला किनारसम्म विस्तार गर्नुपर्छ । नासा (NASA) को अध्ययनअनुसार एउटा रुखले वर्षमा २२ किलोसम्म कार्बन डाइअक्साइड सोस्ने भएकाले नयाँ बस्तीका खाली ठाउँ र खोला किनारमा व्यापक वृक्षरोपण गर्नुको विकल्प छैन ।

वातावरणविद् वन्दना शिवा भन्छिन्, "प्रकृतिले हामीलाई नि:शुल्क दिएको उपहारलाई फोहोर बनाएर फर्काउँदा प्रकृतिले त्यसलाई रोगको ब्याजसहित फिर्ता दिन्छ ।" तसर्थ, स्वच्छ वातावरण हाम्रा सन्तानको बाँच्न पाउने अधिकार हो । नगरपालिकाले नयाँ बस्तीको पूर्वाधार र ईंटा भट्टाको मापदण्डमा कडाइ गरोस् भने नागरिकले पनि पुरानो सहरको जस्तै जागरुकता देखाउनुपर्छ । आज हामीले रोपेको एउटा रुखले भोलि हाम्रा सन्तानलाई सास दिनेछ । जापान र रुवान्डाले सकेको काम हामीले किन नसक्ने ? सुरुवात आजैबाट र आफैंबाट गरौं ।

**- सत्य सुवाल**

# नियामक निकायको मिलेमतोमै विदेशी डिग्रीको नाममा भइरहेको ठगी-१

✍ धनु विश्वकर्मा

विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर शैक्षिक कार्यक्रम चलाइरहेको दुई दशक भयो। कर्मचारी र राजनीतिक दलको स्वार्थका कारण विदेशी डिग्रीको नाममा बेथिति र ठगी भइरहेको छ। विद्यार्थीहरूको भविष्यमाथि खेलवाड भइरहेको छ। तर, नियामक निकाय देख्या नदेख्यै गरी बसेको छ।

दिपायल डोटीको आशुभ केसी ललितपुरको इमाडोलमा स-परिवार बस्छन्। सीसीआरसी कलेजबाट प्लस टु सकाएपछि सिधै बाहिर जाने नभए राम्रो ठाउँमा स्नातक अध्ययन गर्ने मनसाय थियो, उनको। उनका साथीहरू बाहिर जाने तयारीमा जुट्दा उनले विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजका बारेमा बुझ्न थाले। साथीहरूले थापाथलीस्थित ब्रिटिश कलेजको नाम लिए।

आशुभ ब्रिटिश कलेजका बारेमा भएका विज्ञापनले आकर्षित भए। एक वर्ष नेपाल, दुई वर्ष दुबई र अन्तिम वर्ष युकेमा पढाइने भन्ने थियो। यसले विदेश जाने बाटो सहजै खोलिदिने भयो। कमाउँदै पढ्न सकिन्छ भन्ने कुराले उत्साहित उनी ब्रिटिश कलेजमा २०२४ सेप्टेम्बरमा भर्ना भए। "मलाई जसरी पनि विदेश जानु थियो। कलेजबाटै विदेश जान मिल्ने भएपछि सहज लाग्यो। परिवारलाई पनि मनाएँ," उनले भने।

चार वर्षको कलेज शुल्क रु. ७ लाख ५० हजार थियो। अन्तर्राष्ट्रिय स्तरको शिक्षा नेपालमै दिइने भएकोले उनलाई यो शुल्क महँगो लागेन। उनले होटल म्यानेजमेन्ट अध्ययन गर्न थाले। मङ्गलबार मात्र पढाइ हुने कलेजमा कुनै कडिकडाउ र पोसाक थिएन।

चार वर्षमा चौथो, पाचौं र छैटौं तह अध्ययन गराइने भनियो। चौथो तह 'हायर नेसनल सर्टिफिकेट', पाँचौं तहको कोर्स 'हायर नेसनल डिप्लोमा' र छैटौं तहमा 'ब्याचलर टप अप' पढाइने भनियो। कलेजले बेलायतको ग्रिनविच विश्वविद्यालयबाट ६ तहको डिग्री दिने भनेको थियो। तर, भर्ना भएपछि आशुभले बुझे– यहाँ पढाइ भइरहेको कोर्स तेस्रो तह (लेभल) को रहेछ। नेपालमा पढाइने यस कोर्सलाई 'फाउन्डेसन कोर्स' भनिन्छ। त्यसपछि आशुभले 'फाउन्डेसन कोर्स त अरु कन्सल्टेन्सीमा पनि पढाइन्छ नि' भनी प्रश्न गर्दा कलेजले 'एक वर्ष तिमीहरूलाई फाउन्डेसन कोर्स चाहिन्छ' भनेर जवाफ दियो। उनलाई पनि होला भन्ने लाग्यो।

कुनै निश्चित किताब थिएन। पाठ्यक्रम थिएन। शैक्षिक क्यालेन्डर थिएन। परीक्षा नियमित हुँदैनथ्यो। मङ्गलबार मात्र पढाइ हुन्थ्यो। एक वर्षमा ४८ घण्टाको पाठ्यभार थियो। सामान्यत: ४८ घण्टाको पाठ्यभार ६ महिनाको हुन्छ। भारत केरलाको एक शिक्षकले मात्रै पढाउँथे। उनी भन्छन्, "सर आउनुहुन्थ्यो। स्लाइड देखाएर जानुहुन्थ्यो। कहिलेकाहीं हामीलाई प्रिजेन्टेसन गर्न लगाउनुहुन्थ्यो।"

कलेज भर्ना हुन प्लस टु गरेका प्रमाणपत्र आवश्यक पर्दैनथ्यो। कलेजबारे बुझ्न जाँदै भर्ना लिइन्थ्यो। आशुभको कक्षामा चार महिनापछि २०२५ जनवरीमा झापाकी प्रियङ्का नेपाल भर्ना भइन्। चार महिनापछि भर्ना भएकी प्रियङ्का पनि उही कक्षामा गएर अध्ययन गरिन्। प्रियङ्का भन्छिन्, "दोस्रो सेमेस्टरमा कम विद्यार्थी भए भन्दै पहिलो सेमेस्टरको विद्यार्थीलाई पनि सँगै राखियो।"

### दुबईमा सास्ती

पहिलो वर्ष रु. २ लाख १५ हजार तिरेपछि रु. ७ लाख ५० हजार कलेज शुल्क लिइयो। त्यसपछि २ लाख ३० हजार बीमा शुल्क र भिसाका लागि १ लाख ५० हजार बुझाउनुपर्छ भनियो। खानेबस्ने लगायतका खर्च जोड्दा प्रतिविद्यार्थी १५ लाख रूपैयाँ बुझाउन भनियो। तर, बुझाइएको पैसाको हिसाबकिताब कतै देखाइएन।

नेपालको एकवर्षे पढाइ लगभग सकिएपछि आशुभसहित १५ जनाको समूह सन् २०२५ सेप्टेम्बर ८ बिहानको फ्लाइटमा दुबईका लागि उडे। उनीहरूलाई त्यहाँ तीन महिना इन्टर्नशिप गराउने भनिएको थियो। उनीहरूलाई दुबईको अलरिगा सहरको एउटा कोठामा राखियो। त्यस भवनमा बङ्गाली कामदार बस्थे। उनीहरूलाई पनि त्यही समूहसँगै राखियो। एक महिनाजति त्यहाँ बसेर अध्ययन भयो। दुबईको ह्विलविच इन्स्टिच्युटमा एक महिना पठनपाठन भयो। एक महिनापछि उनीहरूलाई त्यहाँबाट निकालियो। त्यहाँ गएपछि मात्रै उनीहरूले आफूहरू ठगिएको थाहा पाए। आशुभ दुबईमा बस्दाको पीडा सुनाउँछन्, "हाम्रो पाँच जनाको समूह थियो। कलेजले व्यवस्था गरेको ठाउँबाट निकालेपछि पाँच जनाको सडककै बास भयो।"

आशुभका अनुसार ह्विलविच इन्स्टिच्युटमा गएर आफूहरू अलपत्र परेको कुरा राखे पनि इन्स्टिच्युटले कुनै सुनुवाइ गरेन। दुबईमा व्यवस्थापन हेर्ने जिम्मेवारी ब्रिटिश कलेजले निश्चल पुरीलाई दिएको छ। उनले पनि विद्यार्थीहरूले भोगेको पीडा सुनेनन्। आशुभ भन्छन्, "इन्स्टिच्युटमा गएर हामी त यहाँ इन्टर्नका लागि आएका हौं भन्यौं। ब्रिटिश कलेजसँग यस्तो कुनै सम्झौता छैन भनेर जवाफ पायौं।" त्यसपछि उनीहरू छाँगाबाट खसेजस्तै भए।

२०२६ जनवरीमा प्रियङ्कासहित १२ जनाको समूह दुबई जाने तयारी थियो। आशुभको टिम अलपत्र परेको समाचार यता कलेजलाई थाहा भइसकेको थियो। परिवारले पठाएको पैसाले नपुग्ने अवस्था भयो। यताबाट इन्स्टिच्युटमा निरन्तर दबाब दिएपछि बिचल्लीमा परेकाहरूलाई काम लगाइदियो। तर, उनीहरूको बसाइँ दुबईमा थियो भने काम १४८ किलोमिटर टाढा आबुधावीमा खोजिदियो। विद्यार्थीको कार्डमा काम पाइँदैनथ्यो। त्यसैले हरेक दिन होटल परिवर्तन गर्नुपर्थ्यो। प्रहरी जाँचमा समातिए देश निकालामा परिने डर थियो। उनीहरूको परिवारले कलेजमा गएर गुनासो गरे। आशुभले भने, "हरेक दिनजसो हामी अप्ठ्यारोमा पर्यौं भनेर कलेजलाई सुनायौं, तर बेवास्ता गरियो। अभिभावकहरूले कलेजमा चासो देखाउँदा इमिरेट्स आइडी बन्न एक महिना लाग्ने भन्दै थामथुम पारियो।" इन्टर्नशिपमा गएका विद्यार्थीलाई कलेजले लेबर कार्ड बनाइदिन्छौं भन्न थालेपछि बिचल्लीमा परेकाहरूले 'लेबरमा काम गर्ने भए किन हामी १७ लाख तिरेर आउनुपर्थ्यो ? एक लाख रूपैयाँ तिरेर आइन्थ्यो नि' भने तर तिनका कुरा सुन्ने कोही थिएन।

आशुभसहितको ११ जना अहिले नेपाल फर्किसकेका छन्। उनीहरू २०२५ डिसेम्बर १ मा नेपाल फर्केका हुन्। चार जना छात्रा अझै दुबईमा छन्। प्रियङ्कालगायतका समूहले कलेजमा दुबईमा विद्यार्थीलाई अलपत्र पारेको भन्दै विरोध गर्न थाले। उनीहरू सुरुमा मिडियामा आएका थिएनन्। कलेजभित्र आन्तरिक प्रदर्शन गरिरहेका थिए। जब प्रियङ्कालगायतका समूहहरू बोल्न थाले, दुबईबाट फर्केका ११ जनालाई मिडियामा नबोल्न कागज बनाइयो। ९ लाख ५० हजार रूपैयाँ फिर्ता दिइसकेको छ। आशुभ भन्छन्, "हामीलाई धम्की स्वरूप यो कुरा बाहिर नल्याउने कागज गराइयो। पैसा खातामा हालिदियो।"


दुई वर्षसम्मको पढाइको प्रमाणपत्र भएन। हाम्रो समय खेर गयो। विद्यार्थीले ठगिएको कुरा उठाउन थालेपछि कलेजले विदेशी विश्वविद्यालयको नाममा विद्यार्थीबाट मोटो रकम असुल्दै गरेको बदमासी बाहिर आउन थाल्यो। केही विद्यार्थी सङ्गठनले विद्यार्थीमाथि अन्याय भएको भन्दै कलेज तोडफोड गरे। यो विषय शिक्षा मन्त्रालयमा पुगेको छ। प्रियङ्का भन्छिन्, "कलेजले २०११ देखि विद्यार्थीलाई ठगिरहेको छ। यसको निष्पक्ष छानबिन होस्।" अहिले प्रियङ्का नेपाल, आशुभ केसी, सजिना खड्का, नविना गिरी, सिम्रिका रावल, अस्टिन शेरचन, सचिन थापा मगर, शङ्कर बस्नेत, उद्गम पौडेल र अभिनव कन्दङ्वाले आफूहरूको भविष्यमाथि खेलबाड गरिएको भन्दै निरन्तर विरोध गरिरहेका छन्।

### विद्यार्थी नै दलालको भूमिकामा

सन् २०२३ सम्म दुबईमा नेपाली शिक्षक जितेन्द्र रोकाया नै कार्यक्रम को-अर्डिनेटरका रूपमा काम गर्थे। त्यहाँ सबै ठगी भन्ने थाहा पाएपछि कलेज छाडेको विद्यार्थीहरूको दाबी छ। सन् २०२४ मा दक्षिण भारतको शिक्षक ल्याइयो। नेपाली विद्यार्थीलाई सहज होस् भनेर निश्चल पुरीलाई राखिएको थियो। तर, उनले नै कलेजसँग मिलेर विद्यार्थीलाई दु:ख दिन थाले। निश्चल ब्रिटिश कलेजको पूर्वविद्यार्थी हुन्। उनी विद्यार्थीको सहयोगीभन्दा पनि एजेन्टका रूपमा काम गर्न थालेको विद्यार्थीको गुनासो छ। प्रियङ्कालगायत ६ जना विद्यार्थीले मात्र पैसा लिन मानेका छैनन्। समस्या पैसाको नभएर कलेजले विद्यार्थीको भविष्यमाथि खेलबाड गरेको उनीहरूको भनाइ छ।

सन् २०२३ को ब्याचबाट ८ जना, २०२४ को ब्याचबाट १५ जना र २०२५ को ब्याचबाट १२ जना दुबई जाने तयारी थियो। आशुभले त्यहाँको अवस्थाको बारेमा प्रियङ्कालाई नियमित बताइरहेका थिए। बुझ्दै जाँदा प्रमाणपत्र नै काम नलाग्ने थाहा पाइन्। कलेजमा गएर उनले सोधपुछ गरिन्। अङ्ग्रेजी चाहिने भएर फाउन्डेसन तहको प्रमाणपत्र दिएको जवाफ पाइन्। उनी फाउन्डेसन कोर्सको प्रमाणपत्र लिएर कन्सल्टेन्सीमा पुगिन्। त्यो देखेर यो हामीलाई देखाउनुभयो ठीक छ, अरुलाई नदेखाउनु भनियो। त्यसपछि प्रियङ्कालाई जसरी पनि कलेजको बदमासी बाहिर ल्याउने वाचा गरिन्। पूर्वशिक्षामन्त्री महावीर पुनले पटकपटक विद्यार्थीसँग कुरा गरे पनि कुनै समाधान निस्केन। ब्रिटिश कलेजका पूर्वविद्यार्थी विवेक ढकालले कलेजसँग एक करोड रूपैयाँ मागेको भन्दै साइबरमा उजुरी हालिएको छ। ब्रिटिश कलेजका पीडित विद्यार्थीहरूले आफूहरूको भविष्य बर्बाद पारेको भन्दै यस्ता कलेजहरूमाथि छानबिन र कारबाही गरी खारेजीको माग गरिरहेका छन्।

ब्रिटिश कलेजको यो घटना बाहिरिएपछि विदेशी कोर्स अध्ययन भइरहेका यस्ता अन्य कलेजमाथि सार्वजनिक प्रश्न खडा भएको छ।




आर्थिक रूपमा सम्पन्न वर्गका छोराछोरी पढ्ने यस्ता कलेजहरूले विद्यार्थीहरूबाट मोटो रकम असुली गर्दै ठगी गरेको आरोप लाग्न थालेका छन्।

### सम्बन्धनको इतिहास

सन् २००४ मा नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपछि विभिन्न विदेशी शिक्षण संस्था र विश्वविद्यालयहरूबाट अनुमति लिएर शैक्षिक कार्यक्रम सञ्चालन गरिएको हो। विद्यालय शिक्षाको हकमा शिक्षा ऐन २०२८ ले नेपाल सरकारसँगका दुईपक्षीय सम्झौता वा विदेशी कूटनीतिक नियोगको सिफारिसमा नेपाल सरकारले सर्त तोकी कक्षा १० सम्मको शिक्षाका लागि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन पाउने प्रावधानअनुसार विदेशी शिक्षण संस्थासँगको सम्बन्धनमा नेपालमा त्यस्ता विद्यालयहरू सञ्चालन हुँदै आएका हुन्। जसलाई 'ए लेभल' समेत भनिन्छ। विद्यालय तहमा यस्ता ३९ वटा कलेज सञ्चालनमा छन्।

नेपालमा सञ्चालित कुनै पनि शिक्षण संस्थाले विदेशी बोर्डबाट सम्बन्धन लिई नेपालमा विद्यालय तहको कक्षा ११ र १२ सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्न तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् ऐन, २०४६ मा व्यवस्था नभएको हुँदा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका जारी भयो। २०५६ असोज ५ गते तत्कालीन शिक्षामन्त्री योगप्रसाद उपाध्यायले पहिलो बैठकबाट विदेशी शिक्षण संस्थाहरूबाट सम्बन्धन प्राप्त गरी पठनपाठन सुरु हुने निर्णय गरेका थिए। त्यसबेला प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला थिए।

अन्तर्राष्ट्रिय स्तरको शिक्षा नेपालमै दिने र अध्ययनका लागि बिदेसिने विद्यार्थीको सङ्ख्या घटाउनका लागि विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर अध्ययन गराउने लक्ष्य राखिएको थियो। त्यसबेला नेपालमा गुणस्तरीय शिक्षा नभएको भन्दै विद्यार्थी बाहिरिन थालेका थिए। त्यसको करिब तीन वर्षपछि अर्थात् २०५९ फागुन २६ गते विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भयो।

विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सोभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गर्नका लागि यो निर्देशिका बनेको हो। यो निर्देशिका लागु भएर अध्ययन गराउन लागेको २३ वर्ष भइसकेको छ। २०७२ साउन ३२ गते पहिलोपटक यो निर्देशिका नेपाल सरकार मन्त्रिपरिषद्बाट संशोधन भयो। त्यस्तै, दोस्रोपटक २०७४ भदौ ८ गते नेपाल सरकारबाट संशोधन भएको छ।

यही निर्देशिकामा टेकेर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट ५९ वटा कलेजले अनुमति लिएका छन्, जसमा ५६ वटा कलेज सञ्चालनमा छन्। यस्ता कलेज सबैभन्दा धेरै उपत्यकामा छन्। काठमाडौंमा ३४, ललितपुरमा ९, कास्कीमा ५, मोरङमा ४, सुनसरी, झापा र जनकपुरमा १/१ कलेज सञ्चालनमा रहेका यी कलेजहरूले ८ देशका ३७ विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका छन्। बेलायतबाट २५, मलेसियाबाट २१, थाइल्यान्डबाट ५, भारतबाट ३, अमेरिकाबाट २ र पोल्यान्ड र स्वीट्जरल्यान्डबाट १/१ कलेजले सम्बन्धन प्राप्त गरेको देखिन्छ।

### नियमन प्रयत्न

पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले शिक्षामा केही नयाँ गर्न खोजिन्। शिक्षकहरू दलभन्दा बाहिर रहनुपर्छ भन्ने अडान राखेकै कारण उनी चर्चामा थिइन्। विदेशबाट सम्बन्धन प्राप्त कलेजहरू बेपर्वाह सञ्चालन भइरहेको भन्ने शिक्षा मन्त्रालयमा गुनासो आउँथ्यो। विगत दुई दशकसम्म यी कलेजको अवस्था के छ, कसरी चलेका छन् भन्ने कसैले पनि चासो देखाएनन्। अभिभावकका गुनासालाई मन्त्रालयका कर्मचारीले सम्बोधन गरेनन्।

यसमाथि शिक्षा मन्त्रालयले दुईवटा प्रतिवेदन तयार पारेको देखिन्छ; पहिलो– २०७५ मा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा प्रतिवेदन पेशस गर्न गठित कार्यदलको प्रतिवेदन। दोस्रो– २०७७ मा विदेशी शिक्षण संस्थाको सम्बन्धमा सञ्चालित विभिन्न कलेजहरूको छानबिन प्रतिवेदन। पूर्वशिक्षामन्त्री सुमनाको पालामा शङ्कर कोइरालाको नेतृत्वमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरूको अध्ययनका लागि गठित विज्ञ समितिको प्रतिवेदन, २०८१ बन्यो। २०८१ वैशाख १४ गते तीन सदस्यीय विज्ञ समिति गठन भयो, जसमा नेपाल सरकारका पूर्वसचिव शङ्कर कोइराला संयोजक, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक राजेशकुमार राई सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव परशुराम तिवारी सदस्य सचिव थिए। एक महिनाको कार्यविधि पाएको समितिले जेठमा सरकारलाई अध्ययन प्रतिवेदन बुझायो।

शङ्कर कोइरालाको प्रतिविदेनले १५ वटा समस्या उजागर गरेको छ। २०५९ को निर्देशिकाका भरमा मात्रै विदेशी शिक्षण संस्था सञ्चालन गर्न खोजेको भनेर सर्वोच्च अदालतले समेत औंल्याएको छ। निर्देशिका कुन ऐनअन्तर्गत तर्जुमा गरी कार्यान्वलय गरिएको भन्ने स्पष्ट नभएको, निजी लगानीमा सञ्चालन गरिएका प्राविधिक धारका सम्बन्धमा बनेको आधारभूत नीति २०६३ मा पनि यो विषय स्पष्ट नभएको उल्लेख छ। यस्ता कलेजमा कतिजना विद्यार्थी अध्ययनरत छन् भन्ने तथ्याङ्क नभएको अध्ययन प्रतिवेदनले औंल्याइएको छ।

तोकिएको समयमा नवीकरण नभई चलेका संस्थाहरूको विषयमा अनुगमन नभएको, ए लेभलको हकमा पनि क्याम्ब्रिज विश्वविद्यालयको पाठ्यक्रम पढाइ हुने यसमा नेपालमा १२ बराबरको समकक्षता हुने भएकाले यो कुन तहको शैक्षिक कार्यक्रम हो भनेर व्यवस्था हुन सकेको छैन। मन्त्रीको सिफारिस हुने भएकाले पनि राजनीतिक दलको प्रभाव देखिने र शैक्षिक क्यालेण्डर नभएको र आआफ्नो ढङ्गले चलेको प्रतिवेदनले जनाएको छ।

*- हिमालखबर डटकमबाट*

# अमेरिकी सेनाको विमानमा आक्रमण युद्धको तनाब झनै बढ्यो



इरानी क्षेप्यास्त्रले ध्वस्त बनाइएका अमेरिकी युद्धक विमानका भग्नावशेष

वाशिङ्टन, २२ चैत (एपी) । इरानले अमेरिकी दुई युद्धविमान खसाल्नु पछिल्लो २० वर्षयताकै दुर्लभ घटना भएको जनाइएको छ । यस घटनाले इरानको प्रतिकार क्षमता अझै कायम रहेको देखाएको विश्लेषण गरिएको छ ।

रिपोर्टअनुसार शुक्रबार इरानले अमेरिकी लडाकु विमान खसाल्दा एक सैनिकलाई उद्धार गरिएको छ भने अर्का एक अझै बेपत्ता छन् र उहाँको खोजी जारी रहेको छ । इरानी सञ्चारमाध्यमले अर्को एक आक्रमण विमान पनि खसालिएको दाबी गरेका छन् ।

सैन्य विज्ञहरूका अनुसार यसअघि सन् २००३ मा इराकमाथि आक्रमणका क्रममा अमेरिकी युद्धविमान शत्रुपक्षबाट खसालिएको थियो । त्यसयता यस्तो घटना भएको थिएन ।

विशेषज्ञहरूका अनुसार पछिल्ला वर्षहरूमा अमेरिका मुख्यत: कमजोर हतियार भएका विद्रोही समूहसँग लड्दै आएको थियो, जसले यस्ता आक्रमण गर्न सक्ने क्षमता राख्दैनथे । तर इरानसँग भने हवाई प्रतिरक्षा प्रणाली रहेकोले यस्तो घटना सम्भव भएको बताइएको छ ।

इरानमाथि एक महिनाभन्दा बढी समयदेखि अमेरिका र इजरायलले निरन्तर हवाई आक्रमण गरिरहेका छन् । यद्यपि ती आक्रमणपछि पनि इरानले क्षेप्यास्त्र र मानवरहित यानमार्फत प्रतिकार जारी राखेको छ ।

अमेरिकी सेनाले इरानविरुद्ध हजारौँ उडान अभियान सञ्चालन गरी हजारौँ लक्ष्यमा आक्रमण गरेको जनाएको छ । यसले क्षेत्रीय तनाव मात्र होइन, विश्व अर्थतन्त्रमा समेत प्रभाव पारेको छ ।

विश्लेषकहरूका अनुसार हवाई क्षेत्रमा वर्चस्व कायम राख्नु र पूर्ण नियन्त्रण हासिल गर्नु फरक कुरा भएकाले हालको अवस्थाले युद्ध अझ जटिल बन्दै गएको संकेत दिएको छ ।

यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई महत्त्वपूर्ण जलमार्ग हर्मुज जलडमरू क्षेत्र खुला गर्न ४८ घण्टाको समयसीमा दिएका छन् । उक्त चेतावनीप्रति इरानले कडा प्रतिक्रिया जनाउँदै यसलाई 'असन्तुलित र मूर्खतापूर्ण' भनेको छ ।

इरानको दुर्गम क्षेत्रमा हराइरहेको अमेरिकी सैनिक पाइलटको खोजी कार्य शनिबार पनि जारी रहेको जनाइएको छ । हाल ६ हप्तादेखि जारी युद्धका क्रममा शुक्रबार दुई अमेरिकी युद्ध विमान खसालिएपछि तनाव थप बढेको छ ।

# इरानमा हिंसामा संलग्न दुईलाई फाँसी इजरायल–अमेरिकासँगको सम्बन्ध आरोप

तेहरान, २२ चैत (एएफपी) । इरानले 'इजरायल र अमेरिकासँग मिलेर काम गरेको' आरोपमा दुई पुरुषलाई फाँसी दिएको छ । इरानी न्यायालयको 'मिजान अनलाइन वेबसाइट' का अनुसार मोहमद-अमीन बिग्लारी र शाहिन वाहेदपरस्त जनवरी सन् २०२६ मा भएको विरोध प्रदर्शनमा सहभागी भएको आरोपमा मृत्युदण्ड दिइएको हो । सर्वोच्च अदालतले आफ्नो फैसला पुन: पुष्टि गरेपछि फाँसी कार्यान्वयन गरिएको जनाइएको छ ।

विरोध प्रदर्शनहरू सुरुमा आर्थिक असन्तुष्टिका कारण थियो तर चाँडै राष्ट्रव्यापी विरोधमा परिणत भए । जनवरी ८ र ९ मा विरोधको चरमउत्कर्ष पुगेको थियो । इरानी अधिकारीहरूले ती विरोधहरू शान्तिपूर्ण सुरु भए तापनि पछि 'विदेशले उक्साएको हिंसात्मक विद्रोह' मा परिणत भएको दाबी गरेका छन्, जसमा हत्याकाण्ड र तोडफोड समावेश थियो ।

इरानले विगत केही दिनमा प्रदर्शन वा विपक्षी समूहसँग सम्बन्धित धेरै व्यक्तिहरूलाई फाँसी दिएको छ, जसमा निषेधित पीपुल्स मुजाहिदिन (एमईके) का सदस्यहरू पनि छन् । यस घटनाक्रमले इरान-इजरायल-संयुक्त राज्य अमेरिका युद्धको पृष्ठभूमिमा आएको थप तनावलाई देखाउँछ । उक्त युद्ध फेब्रुअरी २८ मा सुरु भएको थियो र यसमा इरानी सर्वोच्च नेता अली खामेनी मारिएका थिए ।

इरानी अधिकारीहरूले प्रदर्शनमा तीन हजार भन्दा बढी व्यक्तिको मृत्यु भएको जनाएको छ, जसमा सुरक्षाकर्मी र सर्वसाधारण दुबै छन्, र यसलाई 'आतङ्कवादी कार्य' भनी ठहराएको छ । तर अमेरिकी आधारित मानवअधिकार संस्था 'एचआरएएनए' ले सात हजार भन्दा बढी मृत्युदण्ड रेकर्ड गरेको छ र वास्तविक सङ्ख्या अझ बढी हुन सक्ने चेतावनी दिएको छ ।

# साउदी अरबद्वारा 'शम्स' उपग्रह सफल प्रक्षेपण, अन्तरिक्ष क्षेत्रमा नयाँ उपलब्धि

रियाद, २२ चैत (सिन्ह्वा) । साउदी अरबले शनिबार 'शम्स' नामक उपग्रह सफलतापूर्वक प्रक्षेपण गर्दै अन्तरिक्ष क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । साउदी प्रेस एजेन्सीका अनुसार उक्त उपग्रह अन्तरिक्ष प्रक्षेपण प्रणालीमार्फत आर्टेमिस-२ अभियानअन्तर्गत अन्तरिक्षमा पठाइएको हो ।

यस सफलतासँगै साउदी अरब आर्टेमिस कार्यक्रमअन्तर्गतको अभियानमा सहभागी हुने पहिलो अरब राष्ट्र बनेको छ, जसलाई अन्तरिक्ष क्षेत्रमा ऐतिहासिक उपलब्धिका रूपमा हेरिएको छ ।

आर्टेमिस-२ अभियान अन्तरिक्ष अनुसन्धान र प्रविधि विकासलाई तीव्र बनाउने उद्देश्यसहित सञ्चालन भइरहेको अन्तर्राष्ट्रिय सहकार्य कार्यक्रमको दोस्रो चरण हो । यस अभियानमार्फत विभिन्न देशहरूले संयुक्त रूपमा नयाँ प्रविधि विकास, वैज्ञानिक अनुसन्धान र अन्तरिक्ष अन्वेषणमा सहकार्य गरिरहेका छन् ।

'शम्स' उपग्रह पृथ्वीभन्दा करिब ५०० किलोमिटरदेखि ७० हजार किलोमिटरसम्मको उचाइमा फैलिएको दीर्घवृत्ताकार कक्षमा सञ्चालन हुनेछ । यस्तो कक्षले उपग्रहलाई पृथ्वी वरपर व्यापक क्षेत्र समेट्ने क्षमता दिन्छ, जसले सौर्य गतिविधि र विकिरणको विस्तृत रूपमा निगरानी गर्न सहज बनाउँछ ।

उक्त उपग्रहबाट प्राप्त हुने तथ्यांकले अन्तरिक्ष मौसमसम्बन्धी अनुसन्धानमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसले सौर्य गतिविधिबाट उत्पन्न हुने प्रभावहरू– जस्तै सञ्चार प्रणाली, उपग्रह सञ्चालन तथा विद्युतीय संरचनामा पर्ने असरसम्बन्धी अध्ययनलाई अझ प्रभावकारी बनाउनेछ ।

यस प्रक्षेपणले साउदी अरबको अन्तरिक्ष क्षेत्र विकास गर्ने दीर्घकालीन रणनीति पनि झल्काउँछ । देशले प्रविधिमा नवप्रवर्तन प्रोत्साहन गर्ने, दक्ष जनशक्ति उत्पादन गर्ने र अन्तर्राष्ट्रिय साझेदारी विस्तार गर्ने लक्ष्य राखेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार 'शम्स' उपग्रहले साउदी अरबलाई अन्तरिक्ष विज्ञान तथा अनुसन्धानमा नयाँ उचाइमा पुऱ्याउने मात्र नभई विश्वव्यापी वैज्ञानिक सहकार्यमा पनि थप सशक्त भूमिका खेल्न मद्दत गर्नेछ ।

# द्वन्द्वग्रस्त सुडानमा अस्पताल असुरक्षित हजारौँ नागरिक प्रभावित

खार्तूम, २२ चैत (सिन्ह्वा) । विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) र संयुक्त राष्ट्र बाल कोषले शनिबार जारी गरेको संयुक्त विज्ञप्तिअनुसार सुडानमा सन् २०२३ देखि सुरु भएको द्वन्द्वपछि स्वास्थ्य सेवा केन्द्रहरूमा भएका २१४ आक्रमणमा कम्तीमा दुई हजार ४२ जनाको मृत्यु भएको छ भने ७८५ जना घाइते भएका छन् ।

यस वर्षको पहिलो त्रैमासिकमा मात्रै १८४ जनाको मृत्यु र २९५ जना घाइते भएको उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घका यी निकायहरूले द्वन्द्व प्रभावित क्षेत्रमा यस्ता आक्रमणको सङ्ख्या र तीव्रता बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् ।

सुडानका लागि विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि शिब्ली साहबानीले भन्नुभयो, "यस्ता आक्रमणहरूले स्वास्थ्य सेवामा पहुँचलाई अझ सीमित बनाइरहेका छन्, जबकि अहिले यसको आवश्यकता अत्यधिक छ ।" उहाँले बिरामी र स्वास्थ्यकर्मीहरूको सुरक्षाको माग पनि गर्नुभयो ।

संयुक्त राष्ट्र बाल कोषका प्रतिनिधि शेल्डन येटले अस्पतालहरूमा हुने आक्रमणलाई 'बालबालिकाको अधिकारमाथिको गम्भीर उल्लङ्घन' भन्दै यस्ता घटनाले बालबालिकालाई अत्यावश्यक सेवा र सुरक्षाबाट वञ्चित गरिरहेको बताउनुभएको छ ।

एजेन्सीहरूले स्वास्थ्य संस्था, कर्मचारी र बिरामीमाथि हुने आक्रमण अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भएको र यसले पहिले नै गम्भीर मानवीय सङ्कटलाई अझ जटिल बनाएको बताएका छन् । उहाँहरूले सबै पक्षलाई स्वास्थ्य सेवाको सम्मान र संरक्षण गर्न, सर्वसाधारण र सहयोगी कामदारहरूको सुरक्षा सुनिश्चित गर्न तथा आवश्यक सेवामा निरन्तर पहुँच उपलब्ध गराउन आग्रह गरेका छन् ।

सन् २०२३ को मध्य अप्रिलदेखि सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेसबिच जारी सङ्घर्षका कारण दसौं हजार मानिसको मृत्यु भइसकेको छ भने लाखौं विस्थापित भएका छन्, अन्तर्राष्ट्रिय संस्थाहरूले जनाएका छन् ।

# रुसमा ड्रोन आक्रमण: ७ सर्वसाधारण घाइते, तेल पाइपलाइनमा क्षति

मस्को,२२ चैत (सिन्ह्वा) । रुसका विभिन्न क्षेत्रमा युक्रेनद्वारा आइतबार गरिएको ड्रोन आक्रमणमा कम्तीमा सात सर्वसाधारण घाइते भएका छन् भने उत्तरपश्चिमी क्षेत्रमा रहेको एक महत्त्वपूर्ण तेल पाइपलाइनमा क्षति पुगेको छ ।

रुसको बेलगोरोद क्षेत्रमा पर्ने ग्रायभोरन जिल्लाको जामोस्त्ये गाउँमा ड्रोन आक्रमण हुँदा सर्वसाधारण बोकेको मिनीबस लक्षित भएको बताइएको छ । क्षेत्रीय गभर्नर भ्याचेस्लाभ ग्लाडकोभका अनुसार उक्त आक्रमणमा सात जना घाइते भएका छन्, जसमा एक जनाको अवस्था गम्भीर रहेको छ ।

त्यसैगरी, लेनिनग्राद क्षेत्रमा हवाई प्रतिरक्षा प्रणालीले आइतबार बिहान १९ वटा ड्रोन खसालेको जनाएको छ । क्षेत्रीय गभर्नर अलेक्जेन्डर क्रोज्देन्कोका अनुसार ड्रोनका भग्नावशेष बाल्टिक सागर किनारमा रहेको प्रिमोर्स्क बन्दरगाह नजिकको तेल पाइपलाइनमा खस्दा आगलागी भएको थियो ।

उक्त घटनामा मानवीय क्षति नभएको तर पाइपलाइनको केही भागमा क्षति पुगेको जनाइएको छ । प्रिमोर्स्क रूसको बाल्टिक क्षेत्रमा रहेको सबैभन्दा ठुलो तेल निर्यात टर्मिनल हो, जहाँबाट 'युराल्स' कच्चा तेल विश्व बजारमा पठाइन्छ ।

यो आक्रमण मार्च अन्त्यतिर प्रिमोर्स्क र उस्त-लुगा बन्दरगाहमा भएका श्रृङ्खलाबद्ध ड्रोन आक्रमणपछिको पछिल्लो घटना हो ।

यसैबिच, युक्रेनका सशस्त्र बलका प्रमुख ओलेक्सान्द्र सिर्स्कीले हालै समुद्री बन्दरगाहहरूमा आक्रमण गर्नु रुसको अर्थतन्त्र कमजोर बनाउने रणनीतिक कदम भएको बताएका थिए ।

यस घटनाले रुस-युक्रेन द्वन्द्व अझै चर्किँदै गएको सङ्केत दिएको छ भने ऊर्जा पूर्वाधारमा आक्रमण बढ्दै जाँदा विश्व ऊर्जा आपूर्तिमा समेत असर पर्ने चिन्ता व्यक्त गरिएको छ ।

# माल्दिभ्स : मतदाताले खारेज गरे चुनाव एकैपटक गर्ने प्रस्ताव

माल्दिभ्स, २२ चैत (एएफपी) । खर्च कटौतीको उद्देश्यले राष्ट्रपति र संसदीय चुनाव एकै दिन गराउने सरकारी प्रस्तावलाई माल्दिभ्सका मतदाताले जनमतमार्फत अस्वीकार गरेका छन् । शनिबार सम्पन्न जनमत सङ्ग्रहको आधिकारिक नतिजाअनुसार ६८.७७ प्रतिशत मतदाताले प्रस्तावको विपक्षमा मतदान गरेका छन् । यसले सरकारको योजना स्पष्ट रूपमा खारेज भएको देखाएको छ ।

निर्वाचन आयोगका अनुसार करिब दुई लाख ९४ हजार मतदाता रहेको देशमा झन्डै दुई तिहाइले मतदानमा सहभागिता जनाएका थिए । सोही दिन सम्पन्न स्थानीय परिषद् चुनावले पनि सत्तारूढ पक्षका लागि निराशाजनक सन्देश दिएको छ । राष्ट्रपति मोहम्मद मुइज्जुको पिपुल्स नेसनल कङ्ग्रेसले अपेक्षित सफलता हासिल गर्न सकेन भने प्रमुख विपक्षी माल्दिभियन डेमोक्रेटिक पार्टीले राजधानी माले र दोस्रो ठूलो क्षेत्र अड्डुको प्रमुख परिषद्मा विजय हासिल गरेको छ ।

राष्ट्रपति मुइज्जुले सामाजिक सञ्जाल एक्समार्फत चुनाव परिणामलाई सम्मानपूर्वक स्वीकार गर्दै विजेताहरूलाई बधाई दिनुभयो । उहाँले देश आर्थिक चुनौतीबाट गुज्रिरहेका बेला खर्च घटाउने उपायका रूपमा दुवै राष्ट्रिय चुनाव एकैपटक गराउने प्रस्ताव अघि सार्नुभएको थियो । यसबाट करिब ८० लाख अमेरिकी डलर बचत हुने दाबी गरिएको थियो ।

प्रस्तावअनुसार वर्तमान संसद्को कार्यकाल करिब पाँच महिना घटाएर सन् २०२८ सेप्टेम्बरमा हुने राष्ट्रपति चुनावसँग मिलाउने योजना थियो । तर मतदाताले यसलाई समर्थन नगरेपछि उक्त योजना कार्यान्वयन नहुने भएको छ ।

यसअघि सरकारले सन् २०२४ मा अन्तर्राष्ट्रिय मुद्राकोषको बेलआउट अस्वीकार गर्दै आन्तरिक खर्च कटौतीको नीति अघि सारेको थियो । त्यसक्रममा राष्ट्रपतिको तलब आधा गर्ने निर्णयसमेत गरिएको थियो । करिब तीन लाख ८२ हजार जनसङ्ख्या रहेको माल्दिभ्सले आफ्नो आर्थिक समस्या अस्थायी भएको र बाह्य सहायता नलिने अडान दोहोऱ्याउँदै आएको छ ।

वडाध्यक्षको डायरीबाट

# मलाई पनि 'लाँबो' बाटो देखाएर नक्सा पास प्रक्रिया अगाडि बढाउन मन थिएन

कुशल

दोस्रो प्रहरको समय चलिरहेको थियो। वडामा अलि सेवाग्राहीहरूको भीड कम थियो। म आफ्नो कार्यालयमा फाइलहरू मिलाउँदै थिएँ। त्यहीँ समयमा वडाका प्राविधिक बहिनी कार्यालयमा एक जना अर्को बहिनीसँग आउनुभयो। दुवै जनाले मलाई नमस्कार गर्नुभयो। मैले पनि नमस्कार फर्काउँदै सोफामा बस्न अनुराधे गरेँ। वडाको प्राविधिक बहिनीको हातमा एउटा मोटो कागजात भएको फाइल थियो। मैले प्राविधिक बहिनीलाई आफ्नो कुरा राख्न अनुरोध गरेँ। अरू बेला पनि नक्सा पासका फाइलहरूको केही समस्या आउँदा परामर्शको लागि आउने गर्दथ्यो। त्यही अनुमान गरेर मैले प्राविधिक बहिनीलाई आफ्नो समस्या राख्न अनुरोध गरेँ।

प्राविधिक बहिनीले फाइल पल्टाएर मेरो टेबुल अगाडि राख्दै भन्नुभयो, "सर यो नक्सा पास प्रक्रियाको लागि आएको फाइल यो बहिनीको रहेछ। यो बहिनीको नाम गीता बोयजु (नाम परिवर्तित) हो। उहाँको घर अर्कै नगरपालिकामा पर्दछ। उहाँले हाम्रो वडाको एउटा चोकमा रहेको दीपिका मिसको घर किन्नुभएको रहेछ। २०७२ साल वैशाख १२ गते आएको भूकम्पले पूर्ण क्षतिमा परेको उक्त घर एक तलामात्र बाँकी राखी भत्काउनुभएको रहेछ। अहिले गीता बहिनीले नक्सा पास गर्न पूरै घर भत्काएर नक्साङ्कन गर्नुभएको छ। नगरपालिकामा नक्सा दर्ता गरी म्याद दिएर सरजमिन गर्न हाम्रो वडामा फाइल पठाउनुभएको रहेछ। आजभन्दा बीस दिन अगाडि चारकिलाका छिमेकीहरूलाई म्याद दिइसकेका छौँ। अस्ति पन्ध्र दिन पुगेपछि सोऱ्हौँ दिनमा सरजमिनका लागि फिल्डमा हामी गयौँ। घरको पछाडि एउटा मन्दिर भेटियो। मन्दिर हेर्दा ऐतिहासिक र पुरातात्त्विक महत्त्वको जस्तो लाग्यो। ऐतिहासिक मन्दिर भएकोले र सम्पदा क्षेत्रमा पर्ने भएकोले सरसँग एकपटक छलफलको लागि हामी दुवै जना भेट्न आएका हौँ। सरजमिन गर्ने क्रममा मन्दिरको विषयमा खासै केही विवाद छैन। चारकिलाको सिमानाको विषयमा पनि विवाद छैन। चारकिलाका सबै छिमेकीले हस्ताक्षर पनि गरिदिनुभएको छ। तर, पनि मलाई अलि शङ्का लागेको छ। तपाईँलाई जानकारी नै नदिई नक्साको फाइल अगाडि बढाउनु निको लागेन। त्यसैले, छलफल गर्न आवश्यकजस्तो लाग्यो। मन्दिरलाई गहिरिएर अध्ययन गर्ने क्रममा मन्दिरभित्र शिलालेख भेटियो। मन्दिर निकै कलात्मक छ तर बुट्टाहरू खिएर गएको देखिन्छ। धेरै पुरानो मन्दिरजस्तो लाग्यो। कसैको घर पछाडि मन्दिर हुनु भनेको सार्वजनिक हो कि भन्ने लाग्यो। यदि सार्वजनिक हो भने घरधनी गीता बोयजुले बाटो देखाउनुपर्ने हुन्छ। शिलालेख एकपटक विज्ञ व्यक्तिलाई देखाएर यसको आशय बुझ्न पाए राम्रो हुन्छ। सरले शिलालेख पढ्न सक्नुभयो भने झन्नै राम्रो हुन्छ। त्यसैले तपाईं पनि एक पटक फिल्डमा जाने हो कि ?"

प्राविधिकको कुरा सुनेपछि मैले फाइल सरसरती अध्ययन गरेँ। फाइलमा सबै चारकिलाका छिमेकीले हस्ताक्षर गरेको देखेँ। प्राविधिक बहिनीले पनि हस्ताक्षर गर्नुभएको रहेछ। मेरो आफ्नै हस्ताक्षर र चलानी चिठीमा हस्ताक्षरमात्र गर्न बाँकी रहेछ। मैले दुवै ठाउँमा हस्ताक्षर गरेपछि फाइल नगरपालिकामा जान्छ। राजस्व तिर्ने प्रक्रिया पनि भइसकेको रहेछ। एक हिसाबले वडामा ९० प्रतिशतभन्दा बढी काम सकिसकेको रहेछ। केही बेर फाइल हेरेपछि गीतालाई आफ्नो कुरा राख्न अनुरोध गरेँ। गीताले भन्नुभयो, "सर, हामीले घर किनुभन्दा अगाडि नै मन्दिर रहेछ। सार्वजनिक मन्दिर होइन होला। दीपिका मिसका छोराले आफ्नै निजी मन्दिर भन्नुभएको थियो। उहाँका पुर्खाहरूले मन्दिर बनाएको भन्नुभएको थियो। तर पनि भित्र शिलालेख रहेछ। हामीलाई त्यस विषयमा ज्ञान छैन। पहिला शिलालेख याद पनि भएन। मन्दिर मात्र याद भयो। सार्वजनिक मन्दिर भए हामी बाटो छोडिदिन्छौँ। यसमा फरक नपर्ला। तर, शिलालेखमा के लेखिएको छ भन्ने कुरा थाहा भएन। शिलालेख एकपटक विज्ञलाई देखाउँदा केही फरक नपर्ला। तपाईं हेरेर गर्नुस्। मलाई कुनै आपत्ति छैन। तर, अलि छिटो गरिदिनुभए नक्सा पास गरेर घर बनाउन पाउनेछौँ। त्यसैले, सरले फिल्ड निरीक्षण गरी आवश्यक परामर्श दिनुहोला।"

मैले दुवै जनाको आशय बुझेँ। समस्या पनि थाहा पाएँ। शिलालेखको विषयमा अध्ययन र अनुसन्धान गर्ने आफ्नै गुरु डा. पुरुषोत्तमलोचन श्रेष्ठ सर हुनुहुन्थ्यो। उहाँले शिलालेख हेर्नुभएमा सबै छर्लङ्ग हुनेछ। सर इतिहास विषयमा पीएचडी गर्नुभएको व्यक्ति हुनुहुन्छ। उहाँले इतिहाससम्बन्धी पुस्तकहरू प्रकाशन गर्नुभएको छ। विगतमा यस्तै पुरातात्त्विक वस्तु फेला परेको अवस्थामा उहाँलाई देखाउने र उहाँले ऐतिहासिक र पुरातात्त्विक वस्तु भएको यकिन गरेमा नक्सा पास प्रक्रिया रोकेको घटना स्मरण भयो। मैले दुवै जनालाई सरको बारेमा बताएँ। दुवै जनाले पुरुषोत्तम सरलाई देखाउँदा उचित हुने बताउनुभयो। त्यही कुराकानीकै क्रममा वडाका ज्येष्ठ जनप्रतिनिधि पनि आउनुभयो। उहाँलाई पनि नक्सा सम्बन्धमा मौखिक जानकारी दिएँ। उहाँ पनि सरलाई बोलाउन सहमत हुनुभयो। त्यसपछि पुरुषोत्तमलोचन सरलाई फोन गरेँ। सरलाई घटनाको प्रकृतिको सम्बन्धमा जानकारी गराएँ। उहाँले भोलि शनिबार दोस्रो प्रहरमा फिल्डमा हेर्न आउँछु भन्नुभयो।

शनिबार पुरुषोत्तमलोचन श्रेष्ठ सर समयमै फिल्डमा आइपुग्नुभयो। उहाँले शिलालेखलाई राम्रोसँग सफा गर्नुभयो। त्यसपछि पिठोले शिलालेखलाई लिप्नुभयो। शिलालेखका अक्षरहरू राम्रो र स्पष्ट देखियो। त्यसपछि शिलालेखमा लेखिएका अक्षरहरू पढ्न थाल्नुभयो। शिलालेखमा लेखिएअनुसार यो मन्दिर निजी रहेको र दीपिका मिसका पुर्खाहरूले आजभन्दा ६१५ वर्ष अगाडि निर्माण गरेको र ३०० वर्ष अगाडि पुन: निर्माण गरेको कुरा सरले भन्नुभयो। उहाँले निजी मन्दिर हो भनेपछि लाँबो बाटो राख्न नपर्ने स्पष्ट भयो। हामी फर्कन लाग्दै थियौँ। त्यही क्रममा एक जना छिमेकी आउनुभयो। उहाँ नगरपालिकाको कर्मचारी हुनुहुन्छ। उहाँले यस घरमा बाटो भएको बताउनुभयो। मैले मन्दिरको शिलालेखको व्यहोरा उहाँलाई बताएँ। उहाँले फेरि भन्नुभयो, "शिलालेखले निजी मन्दिर देखिए पनि यो घरमा लाँबो बाटो भएकोले पुरानो नापी नक्साले पुष्टि हुन्छ। वडा कार्यालयमा पुरानो नापी नक्सा छ। यसमा एकपटक हेर्नुस्। मलाई राम्ररी याद छ। त्यसैले, यस घरको नक्सा पास गर्दा पुराना नापी नक्साअनुसार लाबो बाटो राख्नुपर्दछ। तर, दीपिका मिसले घर बनाउँदा लाँबो बाटो छोपेर मूल ढोका राखेको हुनसक्छ। त्यसकारण, पुरानो नापी नक्सा र फिल्ड बुक तथा श्रेस्ता मालपोतबाट मागेर हेर्नु उचित होला।" उहाँको रायलाई बेवास्ता गर्न सकिन्नथ्यो। त्यसैले मैले उहाँलाई वडामा गएर नापी नक्सा र फिल्ड बुक अध्ययन गर्ने बताएँ।

त्यसपछिका दिनमा मैले प्राविधिक बहिनीलाई नापी नक्सा र फिल्ड बुक निकाल्न निर्देशन दिएँ। वडामा नापी नक्सा हेर्दा लाँबो बाटो भएको भेटियो। फिल्ड बुक झिकाएर हेरेँ। त्यसमा पनि कैफियत खण्डमा दीपिका मिसको घरमुनि लाँबो बाटो भएको प्रस्ट उल्लेख थियो। त्यसपछि म एकदम अचम्ममा परेँ। मबाट ठुलो गल्ती हुनबाट बच्यो किनकि बहिनी गीतालाई धेरैपटक वडामा आउनु परेर दु:ख पाएजस्तो अनुभव भइसकेको थियो। त्यसैले लाँबो बाटो नराखी फाइल अगाडि बढाउन म मानसिक रूपमा तयार भइसकेको थिएँ। तर, टोलकै एक सामाजिक रूपमा प्रतिष्ठित व्यक्तिले भनेको कुरा पहिला त मलाई पत्यार लागेन तर कागजले साँचो भएको प्रमाणित भएपछि म झसङ्ग भएँ। त्यसपछि मैले गीतालाई नक्सा पुन: संशोधन गर्न अनुरोध गरेँ। तर, बहिनी गीता नक्सा संशोधन गर्ने मुडमा थिएन किनकि दीपिका मिसको घरमा मूल ढोका भएको फोटो थियो। मलाई पनि यसबारेमा जानकारी छ। मलाई पनि लाँबो बाटो देखाएर नक्सा पास प्रक्रिया अगाडि बढाउन मन थिएन। तर, कागजले त्यसलाई झूट प्रमाणित गऱ्यो। मैले जनप्रतिनिधिहरूसँग पनि छलफल गरेँ। उहाँहरूले पनि लाबो बाटो देखाएर मात्र नक्सा प्रक्रिया अगाडि बढाउन सल्लाह दिनुभयो। तर बहिनी रीता नक्सा संशोधन गर्न तयार हुनुभएन। त्यसकारण, फाइल धेरै दिनसम्म वडामा रोकियो।

त्यसपछिका दिन साथीहरूले नक्सा पास गरिदिन फोन आउन थाले। मैले लाँबो बाटो भएकोले नक्सा पास गर्न नमिल्ने बताएँ। फोन आउने क्रम रोकिएन। कतिपय मानिसहरू वडामै आएर भन्न थाले। तर, पनि मैले नक्सा पास प्रक्रिया रोकिरहेँ। कति साथीहरूले व्यवहारिक रूपमा भए पनि नक्सा पासको लागि अनुरोध गर्नुभयो। तर, निर्वाचित समितिका साथीहरू तयार देखिएनन्। अन्तमा, करिब पाँच महिनापछि बहिनी गीता नक्सा संशोधन गर्न तयार भएको जानकारी दिन आउनुभयो। त्यसपछि नक्सा संशोधन गरी लाँबो बाटो देखाई नक्साको फाइलमा हस्ताक्षर गरी नगरपालिकामा पठाई दिएँ। हाल नक्सावाला बहिनीले नक्साअनुसार घर निर्माण गरिसकेको देखिन्छ।

# जातीय विभेदविरुद्धको जीवित सङ्ग्रहालय

राजेन्द्रप्रसाद पनेरु

कञ्चनपुर। संविधान, कानुन र नीतिगत व्यवस्थाले जातीय विभेद र छुवाछूतलाई निषेध गरे पनि व्यवहारमा भने यसको अवशेष अझै समाजका विभिन्न क्षेत्रमा जरो गाडेर बसेको देखिन्छ। विशेषगरी ग्रामीण समाजमा परम्परा, संस्कार र सामाजिक संरचनासँग गासिएर बसेको जातीय विभेद पूर्ण रूपमा अन्त्य हुन अझै समय लाग्ने देखिन्छ।

राजनीतिक, सामाजिक र बौद्धिक मञ्चहरूमा समानता, समावेशिता र सामाजिक न्यायका कुरा व्यापक रूपमा उठाइए पनि व्यवहारमा समानता स्थापित गर्न चुनौती कायमै छ। तर, सुदूरपश्चिम प्रदेशको बैतडीमा रहेको पाटन नगरपालिका-३ स्थित वनारसीधाम तथा विश्वनाथ ज्योतिर्लिङ्ग शक्तिपीठ भने ४१८ वर्षअघि नै सामाजिक समानताको अभ्यास सुरु गरिएको एउटा ऐतिहासिक स्थलका रूपमा चिनिन्छ।

यस शक्तिपीठमा दलित र ब्राह्मण पुजारीले एउटै धाम क्षेत्रमा संयुक्त रूपमा पूजा-अर्चना गर्दै आएका छन्। यही परम्पराका कारण वनारसी धामलाई जातीय विभेदविरुद्धको एउटा ऐतिहासिक 'लिभिङ म्युजियम' अर्थात् जीवित सङ्ग्रहालयका रूपमा लिन सकिन्छ। तर विडम्बना, जातीय समानताको यस्तो ऐतिहासिक सन्देश बोकेको धाम भने विकासका हिसाबले अझै पछाडि परेको छ। करोडौँको गुरुयोजना बजेट अभावमा कागजमै सीमित रहेको छ।

विशेषगरी धार्मिक क्षेत्रलाई उच्च जातिको अधिकार क्षेत्र मानिने र दलित समुदायलाई मन्दिर प्रवेशदेखि पूजा-अर्चनासम्म प्रतिबन्ध लगाउने परम्परा लामो समयसम्म कायम थियो तर बैतडीको वनारसीधाममा भने यो परम्परा उल्टो देखिन्छ। यहाँ दलित र ब्राह्मण पुजारीले संयुक्तरूपमा पूजा गर्ने, प्रसाद वितरण गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने परम्परा चार सय वर्षभन्दा लामो समयदेखि निरन्तर चल्दै आएको धाम क्षेत्रको इतिहासको खोजी गर्दै आउनुभएका अनुसन्धानकर्ता तथा आचार्य पण्डित गणेशप्रसाद पन्त बताउनुहुन्छ।

उहाँका अनुसार वनारसीधामको इतिहास तत्कालीन स्वराड क्षेत्रका महाराजा मानुक चन्द (मनि चन्द) को शासनकालसँग जोडिएको पाइन्छ। इतिहासअनुसार १६०४ सालतिर स्वराड क्षेत्रमा जातीय विभेद चरममा थियो। समाजमा छुवाछूत, सामाजिक भेदभाव र जातीय विभाजनका कारण सामाजिक सद्भाव खल्बलिन थालेपछि राजा मानुक चन्दले यसको समाधान खोज्न राजगुरु तथा राजज्योतिषी वीरभद्र पन्तलाई निर्देशन दिएका थिए। "राजगुरुको पहलमा विभिन्न जात-समुदायका प्रतिनिधिहरूको बैठक बोलाइएको थियो", आचार्य पन्तले भन्नुभयो, "उक्त बैठकमा पण्डित, भट्ट, भाट, विष्ट, अवस्थी, कोली, दमाई, लुहार, कुमाल, पहरीलगायत विभिन्न जात-समुदायका प्रतिनिधिहरू सहभागी भएका थिए, लामो छलफलपछि एउटा ऐतिहासिक निर्णय भयो–धर्म, पूजा र धार्मिक आस्थाको क्षेत्रमा कुनै पनि प्रकारको जातीय विभेद हुनु हुँदैन, गरिनु हुँदैन।"

उहाँ भन्नुहुन्छ, "यस निर्णयलाई पछि राजसभा परिषद्बाट औपचारिक रूपमा पारित गरियो, त्यसपछि दलित समुदायका व्यक्तिलाई समेत पुजारी नियुक्त गरियो र ब्राह्मण पुजारीसँगै संयुक्त रूपमा पूजा गर्ने परम्परा सुरु भयो।" करिब ४१८ वर्षदेखि आजसम्म यही परम्परा निरन्तर चल्दै आएको छ।

वर्षौं पहिले लिएको यस निर्णयलाई सामाजिक सुधार आन्दोलनकै रूपमा व्याख्या गर्न सकिने बनारसीधाम विश्वनाथ सेवा समाजका उपाध्यक्ष मनिराम कोली बताउनुहुन्छ। उहाँले भन्नुभयो, "त्यो समय हिन्दू समाजमा जातीय विभेद अत्यन्त कठोर रूपमा लागू हुने समय थियो। त्यस्तो समयमा धार्मिक क्षेत्रमा समानता लागू गर्नु अत्यन्त ठुलो सामाजिक परिवर्तन मानिन्छ।" उहाँका अनुसार, वनारसीधामलाई केवल धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र हेर्नु अपूरो हुन्छ। समाजशास्त्रीय दृष्टिले हेर्दा यो धाम जातीय विभेदविरुद्धको ऐतिहासिक आन्दोलनको प्रतीकजस्तै देखिन्छ।

आज पनि यस धाममा दलित पुजारीबाट टीका लगाउने, प्रसाद लिने, पूजा गराउने परम्परा कायम छ। यहाँ आउने भक्तजनले पुजारीको जात हेरेर पूजा गराउने परम्परा छैन। ब्राह्मण र दलित पुजारी एउटै स्थानमा बसेर संयुक्त रूपमा पूजा गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने र भक्तजनलाई प्रसाद वितरण गर्ने परम्परा अझै कायम छ। धामका वरिष्ठ प्रचारकका रूपमा रहनुभएका कोलीले भन्नुभयो, "यसले समाजमा समानता, सहअस्तित्व र समावेशीताको सन्देश दिन्छ। धार्मिक स्थल भएर पनि यसले सामाजिक परिवर्तनको सन्देश दिइरहेको छ, सामाजिक विभाजनभन्दा सामाजिक एकता महत्त्वपूर्ण हुन्छ भन्ने सन्देश यो धामले चार सय वर्षदेखि दिइरहेको छ।"

धार्मिक मान्यताअनुसार वनारसीधामको वर्णन स्कन्द महापुराणको मानसखण्डमा गरिएको पाइन्छ। उक्त ग्रन्थमा भगवान शिवले आफ्ना गण, गन्धर्व, यक्ष, किन्नर, दिक्पाल, लोकपाल आदिलाई निर्देशन गरी रमणीय पुरी निर्माण गरेर त्यहाँ ज्योतिर्लिङ्ग स्थापना गराएको उल्लेख छ। यो धाम सरयू र गोमती नदीको संगम क्षेत्र, नील पर्वतको फेदी र असीबरुणको मध्य भागमा रहेको सुन्दर वनारसीपुरीमा स्थापित भएको मानिन्छ।

यहाँको विश्वनाथ ज्योतिर्लिङ्गलाई ८४ रूप धारण गर्ने, २२ तालमा स्नान गर्ने, १२ मसानको गुरु, ८४ सिद्धबाट सम्मानित तथा १६ शिवालयको गुरुका रूपमा पूजा गरिन्छ भन्ने धार्मिक विश्वास रहेको छ। यही कारणले यो धामलाई शक्तिपीठका रूपमा मान्यता पाएको समाजका सदस्य लक्ष्मी भाट बताउनुहुन्छ। वनारसीधाममा विभिन्न पर्व तथा समयमा लाग्ने धार्मिक मेलामा भारत र नेपालका विभिन्न क्षेत्रका हजारौँ भक्तजन आउने गर्छन्। विशेषगरी माघ महिनामा लाग्ने २२ ताल कुम्भमेला प्रख्यात रहेको छ। जसमा २२ वटा जलाशयबाट पानी सङ्कलन गरेर मुख्य शिवलिङ्गमा स्नान गराउने विशेष परम्परा रहेको छ।

वनारसीधाममा नेपालका सुदूरपश्चिमका जिल्लाहरू मात्र होइन, भारतका उत्तराखण्ड, उत्तरप्रदेश, पञ्जाब, लखनऊ, कर्नाटकलगायत विभिन्न स्थानबाट भक्तजन आउने गर्दछन्। यसले यो धामको सीमापार धार्मिक महत्त्व पनि देखाउँछ। परम्पराअनुसार विभिन्न क्षेत्रबाट चिनोबानो, सुनचाँदी, गरगहना, पञ्चेबाजा, नेजा-ध्वजासहित भक्तजन पूजा गर्न आउने परम्परा रहेको धाम क्षेत्रका जानकार गोपालसिंह भाट बताउनुहुन्छ। उचित प्रचार-प्रसार, सडक पहुँच, पुल निर्माण, धर्मशाला, खानेपानी, शौचालय, बस्ने व्यवस्था लगायतका पूर्वाधार विकास गर्न सकियो भने वनारसीधाम धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र बन्नसक्ने सम्भावना उच्च रहेको उहाँको भनाइ रहेको छ।

मन्दिरको पूजा-अर्चना र व्यवस्थापनका लागि वनारसीधाम विश्वनाथ गुठीको नाममा छ सय ६६ रोपनी जग्गा व्यवस्थापन गरिएको छ। स्थानीय व्यवस्थापन समितिले चन्दा र सहयोगबाट मन्दिर निर्माण, सिँढी, पर्खाल, जीर्णोद्धारलगायत कार्य पूरा गरेको छ। यस क्षेत्रमा ७५ फिट अग्लो मन्दिर निर्माण कार्य समेत स्थानीय प्रयासबाट सम्भव भएको छ। यसले स्थानीय समुदायको सक्रियता देखाउँछ तर यति ठुलो धार्मिक र ऐतिहासिक महत्त्व बोकेको धामको विकास केवल स्थानीय प्रयासबाट मात्र सम्भव छैन।

वनारसीधाम क्षेत्रको समग्र विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिएको छ। करिब रु. १८ करोड ८० लाख बराबरको डीपीआर तयार गरिएको छ तर हालसम्म राज्यबाट अत्यन्त न्यून बजेटमात्र प्राप्त भएको समाजका अध्यक्ष उत्तरबहादुर चन्दले बताउनुभयो। उहाँले भन्नुभयो, "धाम क्षेत्रका भौतिक संरचना निर्माण गर्दा धाम समितिलाई रु. १६ लाख बढी कर्जा लागेको छ। विभिन्न निकायमा संरचना निर्माण कार्य पूरा गर्नका लागि बजेटको माग गर्दै धायौँ तर कुनै पनि निकायले हालसम्म बजेट व्यवस्थापनको कार्य गर्न सकेका छैनन्।"

धाम क्षेत्रको विकासका लागि नदीमा पुल निर्माण, मन्दिरसम्म सडक विस्तार, धर्मशाला निर्माण, शौचालय र खानेपानी व्यवस्था, तटबन्ध निर्माण, पर्खाल र संरक्षण कार्य, धार्मिक पर्यटकका लागि बस्ने व्यवस्थालगायतका भौतिक पूर्वाधार आवश्यक भएको उहाँ बताउनुहुन्छ। अध्यक्ष चन्दले भन्नुभयो, "दलित समुदाय पुजारी रहेको सुदूरपश्चिम क्षेत्रमा विशिष्ट पहिचान बोकेको यो मात्रै एक धार्मिक क्षेत्रका रूपमा रहेको छ। दलित समुदायनै धाम क्षेत्रका हर्ताकर्ताका रूपमा पुर्खौंदेखि रहँदै आएका छन्, सामाजिक समानता बोकेको यस धामको विकासका लागि सबैको सहयोगको खाँचो छ।"

यी सबै कामका लागि ठुलो बजेट आवश्यक भए पनि आर्थिक अभावका कारण काम अघि बढ्न नसकेको उहाँले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "मन्दिर नजिकै नदी छ, पुल नभएका कारण भक्तजनलाई घुमेर जानुपर्ने बाध्यता रहेको छ, छोटो दूरी पार गर्न पनि लामो समय लाग्ने गर्दछ, भिर चढेर जानुपर्ने अवस्था छ।" वनारसीधामलाई व्यवस्थित रूपमा विकास गर्न सकियो भने यस क्षेत्रको आर्थिक अवस्था परिवर्तन हुन सक्ने उहाँको भनाइ रहेको छ।

धार्मिक पर्यटन विकास भएमा होटल व्यवसाय, पसल, यातायात, गाइड सेवा, हस्तकला, स्थानीय कृषि उत्पादन बिक्री, सांस्कृतिक कार्यक्रमजस्ता क्षेत्रबाट स्थानीयलाई रोजगारी र आम्दानीको अवसर सिर्जना हुने धामका मूलपूजारी धिरे लुहार बताउनुहुन्छ। उहाँले भन्नुभयो, "वनारसीधाममा पनि धार्मिक, ऐतिहासिक र सामाजिक महत्त्व भएकाले उचित लगानी गरियो भने यो धाम सुदूरपश्चिमकै प्रमुख धार्मिक पर्यटन गन्तव्य बन्न सक्छ। इतिहास, धार्मिक महत्त्व, सामाजिक सन्देश र पर्यटन सम्भावना हुँदाहुँदै पनि वनारसीधाम राज्यको प्राथमिकतामा पर्न सकेको छैन।"

समानताको सन्देश बोकेको यस्तो ऐतिहासिक, धार्मिक र सामाजिक महत्त्व बोकेको धाम आर्थिक अभाव, पूर्वाधारको कमी र राज्यको उपेक्षाका कारण अपेक्षित रूपमा विकास हुन नसकेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "वनारसीधामको कथा एउटा मन्दिरको कथा मात्र होइन, यो विभेदविरुद्धको इतिहास, समानताको सन्देश र विकासको सम्भावनाको कथा भएकाले धार्मिक सहअस्तित्वको महत्त्वपूर्ण धरोहरका रूपमा यसलाई हेर्न आवश्यक छ।"

***रासस***

# जनताको अर्थ के ?

जनता शब्दले कुनै देशमा बसोबास गर्ने बासिन्दा, मतदाता, जनसङ्ख्या र नागरिकलाई समेत जनाउँछ । प्रजातन्त्र र गणतन्त्रलाई जनताको इच्छाअनुसार जनताकै सेवा गर्न जनताले चुनेको सरकारबाट शासन गर्ने पद्धतिको अर्थमा लिइन्छ ।

तर, व्यवहारमा अत्यन्त बहुमत जनताले राजनैतिक दलहरूका कार्यक्रम र घोषणापत्र, सिद्धान्त र नीतिबारे पटक्कै थाहा पाउँदैनन् । त्यस्तो कुराको केही अंश थाहा पाए पनि पैसा, सामान, लुगा (चोलो-फरिया, कुर्ता-सुरूवाल) माछा र मासुको पोको, ग्यास सिलिन्डर, प्रति मतदाता ५ हजार रूपैयाँदेखि २०-२५ हजार रूपैयाँसम्म बुझिलिएर मत दिएको समाचार चर्चाकै विषय हो ।

शासक दलहरूबाट निर्वाचन जितेमा अनेक माथिल्ला पदहरूमा मनोनीत गर्ने वचन पाएर पढेलेखेका एवम् बुद्धिजीवीले समेत पार्टी कार्यक्रम र चुनाव घोषणापत्र नै नहेरी मतदान गर्छन् । विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्ट्रार, विभागीय प्रमुख, डीन, प्राध्यापक आदिको नियुक्तिबारे विरोध र समर्थनका समाचारहरू बरोबर छापिएकै विषय हुन् ।

पुल र सडक निर्माण, जलविद्युत् र नहर, पार्क र अस्पताल आदिको निर्माण ठेक्का, रासायनिक मलको आयातको ठेक्का आदिमा प्रधानमन्त्री र अन्य नेताहरूले ठुलठुला रकम लिएर ठेक्का मिलाएका हुन्छन् । त्यस्ता ठेक्कापट्टाको आधारमा मत प्राप्त गरेर तथा ठेकेदारबाट प्राप्त आर्थिक सहयोगबाटै निर्वाचनको हारजितमा महत्त्वपूर्ण भूमिका खेलेको नौलो विषय होइन । राजदूत र अन्य संवैधानिक पदहरूमा समेत लिलाम बढाबढजस्तैको स्थिति भएको सुन्दा संवेदनशील समुदायको मनमा प्रजातन्त्रप्रति नै अनास्था र घृणा जागेको अनेक सामाजिक प्रचार माध्यममा पढ्न पाइने विषय नै हो ।

निश्चय पनि निर्वाचन नियमावलीअनुसार यी सबै क्रियाकलाप अनियमित र गैरकानुनी एवम् अनैतिक हुन् । प्रजातन्त्र र गणतन्त्रको सिद्धान्तअनुसार नै शासन गर्ने दलका नेता र मन्त्रीहरूले हाकाहाकी यस्तो काम गर्छन् । निर्वाचनको उम्मेदवार र संसद्मा मनोनीत हुने सूचीमा कालाबजारिया, चोर-लुच्चा, लफङ्गा, ठग, गुन्डा, डाँका र ज्यानमुद्दामा फरार रहेका वा त्यसको सजाय पाई जेल बसिरहेकाको पनि नाम पढ्न पाइन्छ ।

साँचो अर्थमा अत्यन्त बहुमत जनता सचेत र सङ्गठित भएका भए पार्टीका केही हजार नेता र कार्यकर्ताले पैसा र सामान बाँड्दा, रक्सी र जाँड (बियर) का सिसीहरू बाँड्दा, नुन-तेल र चामल घर-घरमा बाँड्दा, टर्च लाइट र मोबाइल बाँड्दा जनताले लिने थिएनन् । यसरी हार्नुपर्ने राजनैतिक दल र व्यक्तिहरू सांसद बनेर सरकारमा पुग्छन् । अनि, अपराधीहरूलाई हौसला प्राप्त हुन्छ ।

सस्तो लोकप्रियता, पैसा र ऐसआरामको जीवन बिताउने नाममा नयाँ पुस्ताका कार्यकर्ताहरू समेत 'नर्कमा जाने टिकट' किन्छन् । राजनैतिक दल र त्यसका नयाँ युवा कार्यकर्ताहरू पनि 'चिनिएका चोर' जस्तै झन् खुङ्खार अपराधी बनी अगाडि आउँछन् ।

यसकारण, व्यापक जनतालाई सचेत र सिद्धान्तनिष्ठ बनाउनु आवश्यक छ । उम्मेदवार चयन गर्दा र मतदानको समयमा माथि उल्लेख गरिएका अनियमितता, गैरकानुनी एवम् निर्वाचनका नियम उल्लङ्घनलगायत अनैतिक कार्यहरूको विरोध र घृणा गर्नु आवश्यक छ । ती अपराधी दल, नेता र कार्यकर्ताहरूलाई हराएर सजाय दिएपछि मात्रै आफूलाई 'जनता' भन्ने हक र नैतिक बल जनतालाई प्राप्त हुन्छ ।

***स्रोत : 'श्रमिक' साप्ताहिक, ६ असोज २०७७ (22 September, 2020)***

# देश नवउपनिवेश हुँदै छ जेनजीहरू सचेत हुनुपर्दैन ?

काठमाडौँ, २२ चैत । जेनजी आन्दोलनपछि भएको चुनावमा दुईतिहाइ जस्तै पाएको रास्वपाको सरकारले विश्व बैङ्क र एसियाली विकास बैङ्कबाट २७.६ अर्ब रूपैयाँ ऋण लिने निर्णय गऱ्यो । अब नेपालीको कूल ऋण कति खर्ब पुग्यो ? पुराना शासक दलहरूले जस्तै साम्राज्यवादीहरूको हात खुट्टाको रूपमा खोलिएका विश्व बैङ्क र एसियाली विकास बैङ्कबाट ऋण लिएर नयाँ शासकहरूले पनि देश चलाउनु नेपाललाई साम्राज्यवादीहरूको नवउपनिवेश बनाउने किन होइन ? जेन-जीहरू सचेत हुनुपर्दैन र ?

***सामुदायिक...***

दिनुभयो ।

विद्यालयका प्रधानाध्यापक दीपक माकले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । नपली सृजनानगर समाजका अध्यक्ष नारायणप्रसाद कोइराला, अभिभावक प्रतिनिधि अप्सरा गौतम, शिक्षक जगन्नाथ डुम्रे, शिक्षिका कृष्णमाया बस्नेत, विद्यार्थी प्रतिनिधिहरू संसार अधिकारी र एलिसा गौतमले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विद्यालयका उत्कृष्ट अभिभावकहरूलाई दोसल्ला र सम्मानपत्र, वार्षिक परीक्षा तथा विभिन्न अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति, पुरस्कार, प्रमाणपत्र र मेडल वितरण गर्नुभएको थियो ।

हाल सन्तति आधारभूत विद्यालयमा १९३ जना विद्यार्थीहरू अध्ययनरत रहेको प्रधानाध्यापकको प्रतिवेदनमा देखाइएको छ ।

***शताब्दीकै....***

हत्या (decapitation strikes) बाट हुन सक्ने जोखिम बुझेको थियो, त्यसैले उनीहरूले अधिकांश शीर्ष र अत्यावश्यक नेताहरूका लागि आठ तहसम्मका विकल्पहरू तयार गरेका थिए । सेनाले द्रुतगतिमा विभिन्न प्रकारका हतियार प्रणालीहरू तयार गऱ्यो, वायु रक्षा प्रणालीलाई समेत माथ दिनसक्ने 'हाइपरसोनिक क्लस्टर मिसाइल' देखि खाडीको पानीमा 'स्वार्म ट्याक्टिक्स' ( झुण्डमा आक्रमण गर्ने रणनीति) प्रयोग गर्ने तीव्रगतिका तटीय आक्रमणकारी जहाजहरूसम्म । लेबनानदेखि इराकसम्मका इरान समर्थक मिलिसियाहरूसँगै यिनै संयन्त्रहरू इरानीहरूले निर्माण गरेका रक्षाका अनेकौं घेराहरू हुन् । यसको अर्थ के हो भने, अमेरिकाले 'रैपिड डोमिनेन्स' बाट युद्ध सुरू गर्दा ऊसँग तनाव वृद्धिको कुनै क्रमिक योजना (Escalation ladder) छैन, तर अमेरिका र इजरायलविरूद्ध इरानको प्रतिक्रिया भने रणनीतिक रूपमा सबैभन्दा सरल क्षेप्यास्त्रबाट सुरू गरी अत्याधुनिक क्लस्टर मिसाइलतर्फ अघि बढ्ने गरी बनाइएको छ- जबकि उसले आफ्ना साना डुङ्गाहरू र मिलिसियाहरूलाई अझै रोकेर राखेको छ । इरान अझै पनि आफ्ना क्षेप्यास्त्रहरू र 'स्ट्रेट अफ हर्मुज' (हर्मुज जलडमरूमध्य, जुन अहिले निश्चित देशका जहाजहरूका लागि मात्र खुला छ) माथिको आफ्नो पकडमा निर्भर रहेकाले यिनलाई परिचालन गरिएको छैन ।

इरानको बौद्धिक प्रतिक्रियाले संयुक्त राज्य अमेरिका र इजरायललाई यसरी घेराबन्दीमा पारेको छ कि उनीहरूसँग युद्धविरामका लागि याचना गर्नुको विकल्प बाँकी छैन । इरानी नेतृत्व भन्छ कि उनीहरूलाई सन् २०२५ जुलाईको जस्तो आंशिक युद्धविराममा कुनै रूचि छैन, जसले इजरायल र अमेरिकालाई पुन: सशस्त्र हुन र अर्को चरणको हिंसाका साथ फर्कन मौका मात्र दिनेछ । इरान एउटा 'ग्रान्ड बार्गेन' (बृहत् सम्झौता) चाहन्छ, जसमा इरान मात्र नभई इराक र लेबनान पनि समावेश हुन् र उसले पूर्ण प्रतिबन्ध फुकुवा, प्यालेस्टिनीहरूको नरसंहारको अन्त्य र इरानलाई घेर्ने अमेरिकी धम्कीपूर्ण सैन्य अखडाहरू हटाउनुपर्ने जस्ता मागहरू राखेको छ । यदि अमेरिका र इजरायल यी मागहरूमा सहमत भए भने, इजरायल र अमेरिकाको क्रूर आक्रमणबाट भएको दु:खद मानवीय क्षतिका बावजुदयो इरानका लागि पूर्ण विजय हुनेछ ।

सन् २०२५ जुलाईमा युद्धविरामका लागि उत्सुक रहेका सर्वोच्च नेता अली खामेनीको हत्या गरेर, अमेरिका र इजरायलले सायद फेरि युद्धविरामको पक्षमा तर्क गर्न सक्ने व्यक्तिलाई गुमाएका छन् । नयाँ सर्वोच्च नेता मोज्तबा खामेनीसहितको वर्तमान नेतृत्वले यो सही आकलन गरेको छ कि बृहत् सम्झौताबिनाको युद्धविराम समय बिताउने मेलो मात्र हो, शान्ति होइन । इरानीहरू यस क्षेत्रमा शान्ति चाहन्छन्, युद्ध-युद्धविराम-युद्धको त्यो अनन्त शृङ्खला होइन जसले केवल अभाव र पीडा निम्त्याउँछ ।

इजरायलीहरूले इरानसँगको युद्धको बारेमा धेरै बोलेका छैनन्; उनीहरू आफ्ना क्षेप्यास्त्रहरू प्रहार गर्न र इजरायलमा भएका इरानी क्षेप्यास्त्र प्रहारका समाचारहरूलाई रोक्न बढी केन्द्रित छन् । के उनीहरू ट्रम्पले गर्ने कुनै शान्ति सम्झौताबाट निर्देशित होलान् त ? त्यो सम्भावना कम छ । इजरायलीहरूको मध्यपूर्वप्रति एक 'एस्केटोलोजिकल' (धार्मिक अन्त्यवादी) दृष्टिकोण छ । उनीहरू नील नदीदेखि युफ्रेटिससम्मको भूमि कब्जा गर्न उत्सुक छन्, जसका लागि उनीहरूले यस क्षेत्रको आफ्नो सबैभन्दा ठुलो र प्रभावशाली आलोचक इरानलाई शान्त पार्नु पर्ने हुन्छ । इजरायलका लागि यो अन्तिम लडाइँ हो । उनीहरूले अमेरिकालाई यस युद्धमा तानेका छन्, जबकि इस्लामिक गणतन्त्रको अस्तित्व वा अन्त्यबाट अमेरिकालाई कुनै वास्तविक लाभ छैन ( जसले अमेरिकालाई कहिल्यै कुनै खतरा दिएको छैन) । इजरायल इस्लामिक गणतन्त्रलाई जरैदेखि उखेल्न चाहन्छ, तर इरानी समाजमा यसको गहिरो जरा हेर्दा त्यो असम्भव देखिन्छ । अर्कोतर्फ, अमेरिका भने एक आज्ञाकारी नेतृत्वमार्फत इस्लामिक गणतन्त्रको व्यवस्थापनमै सन्तुष्ट हुने थियो । तर, अहिले यी दुवै विकल्पहरू सम्भव छैनन् । अब सैन्य तनाव बढाउने एउटै विकल्प भनेको अमेरिका वा इजरायलले इरानमाथि आणविक आक्रमण गर्नु मात्र हो । जसले इरानी नागरिकहरूको जीवनमा पार्ने भयावह प्रभावपछि, विश्वव्यापी जनमतबाट पूर्ण रूपमा नकारात्मक प्रतिक्रिया निम्त्याउनेछ ।

अमेरिका र इजरायलका लागि अब कुनै पनि राम्रा विकल्पहरू बाँकी छैनन् । उनीहरूले आफ्नो बमबारी जारी राख्न त सक्छन्, तर त्यसको बदलामा इरानले गर्ने प्रतिकारको तीव्रताले इजरायल र यस क्षेत्रमा रहेका अमेरिकी हितहरूलाई निरन्तर क्षति पुऱ्याइरहनेछ । इन्धन र खाद्यान्नको मूल्य आकासिँदै जाँदा अमेरिका र इजरायलले विश्वव्यापी दबाबको सामना गर्नुपर्नेछ । यो संयुक्त राज्य अमेरिका र इजरायलको एक ठूलो गलत गणना थियो ।

इरान यति सजिलै झुक्ने छैन । यहाँ सयौँ वर्ष पुरानो एक गौरवशाली सभ्यता दाउमा छ, र इरानी नेताहरूलाई यो राम्ररी थाहा छ । उनीहरू 'इस्लामिक गणतन्त्र' वा सन् १९७९ को 'इरानी क्रान्ति' का लागि मात्र उभिएका छैनन्, बरू स्वयम् इरान राष्ट्रको अस्तित्वका लागि लडिरहेका छन् । उनीहरू पछि हट्ने छैनन् ।


## हार्दिक समवेदना



**जन्म** : २००६।०७।१५
**निधन** : २०८२।१२।१५

यस उदय साकोसका संस्थापक सदस्य तथा ऋण उपसमितिका सदस्य गणेशमान कोजुका पूजनीय माता **भुवनेश्वरी कोजु**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**
लिबाली-८, भक्तपुर

## हार्दिक समवेदना



**भुवनेश्वरी कोजु**
**जन्म** : २००६।०७।१५
**निधन**: २०८२।१२।१५



**प्रेमसिंह कार्की**
**जन्म** : २००५।०१।११
**निधन**: २०८२।१२।१२



**निश्चल ख्वायजु**
**जन्म** : २०५६।०३।२६
**निधन**: २०८२।१२।१३

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य मैयाँलक्ष्मी त्यात कोजुकी सासूआमा **भुवनेश्वरी कोजु**, कर्तव्यनिष्ठ कर्मचारी नरेन्द्र सिंह कार्कीका बुबा **प्रेम सिंह कार्की** र कर्तव्यनिष्ठ कर्मचारी लक्ष्मीश्वरी ख्वायजुका छोरा **निश्चल ख्वायजु**को असामयिक निधन भएकोले मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**वागीश्वरी माध्यमिक विद्यालय**
च्याम्हासिंह, भक्तपुर-९

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप माध्यमिक विद्यालय
भ.न.पा. ६, देकोचा, भक्तपुर

## जग्गा खरिदसम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/१२/२३**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यक्रमहरू विस्तार गर्नका लागि जग्गा खरिद गर्नुपर्ने भएकोले भ.न.पा. वडा नं. ६ देकोचास्थित हाल ख्वप मा.वि. को ब्लक 'ए' भवन भइरहेको स्थानदेखि २०० मिटरको दुरीमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रभित्रका एउटै प्लट वा कित्ताहरू जोडिएको बढीमा ४ रोपनीसम्म क्षेत्रफलको जग्गा बिक्री गर्न इच्छुक जग्गावालाहरू वा सम्बन्धित जग्गावालाको वारिसले आफूले बिक्री गर्न चाहेको जग्गाको हालसालको नापी नक्सा, जग्गाधनी प्रमाणपुर्जाको फोटोकपि, नागरिकताको फोटोकपि, चालु आ.व.सम्मको मालपोत बुझाएको रसिदको फोटोकपि, संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको फोटोकपि, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको फोटोकपि र जग्गा बिक्रीसम्बन्धी अख्तियारीसहित आफूले बिक्री गर्न चाहेको जग्गाको प्रस्तावित मूल्यसहितको गोप्य सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशित गरिएको छ । जग्गा बिक्रीको लागि प्रस्ताव फर्म विद्यालय जिन्सी शाखाबाट लिन सकिनेछ । प्रस्ताव फर्म लिने तथा दर्ता गर्ने अन्तिम मिति २०८३ वैशाख २७ गते दिनको १२:०० बजेसम्म मात्र । दर्ता भएका प्रस्ताव खोलिने मिति २०८३ वैशाख २७ गते दिनको १:०० बजे । नोट : लाभकर र रजिस्ट्रेसन दस्तुर नियमानुसार हुनेछ । यससम्बन्धी विस्तृत जानकारीको लागि विद्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ । कार्यालय समय बिहान ८:०० बजेदेखि दिनको ३:०० बजेसम्म रहनेछ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप कलेज अफ ल
भ.न.पा. ६, देकोचा, भक्तपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८२/१२/२३**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ ल का लागि आवश्यक स्माट बोर्ड खरिद गर्नुपर्ने भएकोले अनलाइन सिलबन्दी दरभाउपत्र Bid Document मा तोकिएअनुसारको इजाजत प्राप्त फर्म कम्पनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, २०८१/८२ को करचुक्ता प्रमाणपत्र संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Webportal (www.bolpatra.gov.np/egp) मार्फत Online Bid Submission गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | दरभाउपत्र नं. | दरभाउपत्र शुल्क | दरभाउपत्र जमानत रकम |
|---|---|---|---|
| Supply, Delivery and Installation of Smart Interactive Board | Khwopalaw/SQ/Goods /01/ 082/83 | 1,000 | 33000 |

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा, **खातावालाको नाम**: ख्वप कलेज अफ ल
**फाराम शुल्क जम्मा गर्ने आम्दानी खाता नं.**: ०१९००१०७३६१९६००००००१
**धरौटी रकम जम्मा गर्ने खाता नं.**: ०१९००१०७३८४४९५०००००१
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८३/०१/०७, दिउँसो १२:०० बजे
**बोलपत्र खोल्ने मिति/समय** : २०८३/०१/०७ गते, दिउँसो १३:०० बजे


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा